नैतिक शिक्षा

कक्षा ५

लेखक – खेमराज केशव शरण

नैतिक शिक्षा

कक्षा ५

लेखक

श्री खेमराज "केशवशरण"

प्रकाशक

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड

सानो ठिमी, भक्तपुर

सर्वाधिकार जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा सुरक्षित

पाठ्यक्रम (२०३८) अनुसार

पहिलो संस्करण २०३९

एघारौं संस्करण २०५२

तपाईंले किनेको पुस्तकमा छपाइ प्रविधि सम्बन्धी कुनै त्रुटि फेला परेमा अधिकृत वितरक (साझा) अथवा स्थानीय बिक्रेताबाट उक्त पुस्तक साट्न सक्नु हुनेछ ।

ज. शि. सा. के. लि.

मूल्य रु.

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड (एजुकेशन प्रेस) मा मुद्रित ।



"राष्ट्रिय प्रतिभालाई फुलाउने फलाउने
तथा जनताको मनोभावनालाई
विकासमूलक बनाउने नीति लिई लागू
गरिएको यस राष्ट्रिय शिक्षा
योजनाबाट केही वर्षभित्रै एउटा
जागरूक, परिश्रमी र उन्नतिशील
समाजको सिर्जना हुन सक्नेछ भन्ने
मैले आशा लिएको छु ।"

श्री ५ वीरेन्द्र

हाम्रो भनाइ

शिक्षालाई जीवन सापेक्ष गराई राष्ट्रिय एकता, सार्वभौमिकता, राजमुकुट र स्वतन्त्रताको रक्षा गर्ने, कर्तव्यनिष्ठ नागरिक तयार गराउने र सामाजिक जीवन यापनका लागि आवश्यक ज्ञान र सीप हासिल गराउने राष्ट्रिय शिक्षा पद्धतिको योजना २०३८ को विशुद्ध उद्देश्य अनुरूप विद्यालयस्तरका पाठ्यक्रम र पाठ्यपुस्तकहरूको विकास गर्ने प्रक्रिया चालू रहिआएको छ ।

साक्षरताको लागि पढाइ, लेखाइ र गणितका आधारभूत ज्ञान तथा सीप हासिल गराउने, देश, नरेश, तथा ईश्वरप्रति श्रद्धा, भक्ति भावना जागृत गराउने, अनुशासन तथा चारित्रिक गुणको विकास गराउने प्राथमिक शिक्षाको उद्देश्यमा आधारित संशोधित पाठ्यक्रम २०३८ अनुसार यो पाठ्यपुस्तक तयार गराई प्रकाशमा ल्याइएको छ ।

यस पाठ्यपुस्तकका लेखक श्री खेमराज "केशवशरण" हुनुहुन्छ ।

सम्बन्धित विषयका शिक्षक, प्राध्यापक एवं विशेषज्ञहरूको सुझाव समेतलाई ध्यानमा राखी यस पाठ्यपुस्तकलाई सकेसम्म स्तरयुक्त बनाउने प्रयास गरिएको छ तापनि यसमा भाषागत, विषयगत र शैलीगत कतिपय त्रुटिहरू अझ हट्न नसकेका होलान्, तिनका सुधारका लागि शिक्षक, अभिभावक, विद्यार्थी लगायत सबै बुद्धिजीवी पाठकहरूको सक्रिय सहयोगको महत्त्वपूर्ण भूमिका रहने हुँदा यस पवित्र सेवा कार्यमा यहाँहरूको रचनात्मक सुझावको यो केन्द्र सदैव स्वागत गर्दछ ।

श्री ५ को सरकार
शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालय
पाठ्यक्रम पाठ्यपुस्तक तथा निरीक्षण विकास केन्द्र
सानो ठिमी, भक्तपुर ।

विषयसूची

भाग एक – ईश्वरको व्यापकता

पाठ एक – प्रार्थना १
पाठ दुई – ईश्वरीय देन ४
पाठ तीन – ईश्वरीय अंश ८
पाठ चार – ईश्वरले सबैथोक देख्तछन् ११

भाग दुई – आत्म अनुशासन

पाठ एक – पोशाकको सफाइ १४
पाठ दुई – मीलनसारता १८
पाठ तीन – विश्वासिलोपना २२
पाठ चार – मित्रहरूप्रति सहयोग २६
पाठ पाँच – प्राथमिकताको आधारमा काम गर्ने बानी ३०
पाठ छ – खेलकूद र नियमपालन ३४

भाग तीन – सामाजिक व्यवहार

पाठ एक – हामी र हाम्रो विद्यालय ३९
पाठ दुई – सामूहिक जीवन र शिष्ट व्यवहार ४३
पाठ तीन – अरूप्रति शिष्ट व्यवहार ४७
पाठ चार – निर्धारित समयमा काम ५१
पाठ पाँच – गोपनीयता ५६
पाठ छ – सुग्घरी बानी ६०
पाठ सात – कृतज्ञता ६४

भाग चार – राष्ट्रप्रति वफादारी

पाठ एक – राष्ट्रिय गान तथा चिन्हको सम्मान ६८
पाठ दुई – राष्ट्रिय संपत्तिको संरक्षण ७२

भाग पाँच – हाम्रो संस्कृति

पाठ एक – मान्यजनप्रतिको कर्तव्य ७५
पाठ दुई – गणेशजीको प्रथम पूजा ७९
पाठ तीन – विघ्नहर्ता गणेश ८४
पाठ चार – भगवती सरस्वती ८८

भाग एक

ईश्वरको व्यापकता

पाठ एक

प्रार्थना

(१)

जगदीश्वर हे हृदयनिवासी
करुणामय प्रभु ! हे अविनाशी
करुणा तिम्रो माग्छौं हामी
ज्ञान देऊ हे अन्तर्यामी

(२)

विश्वम्भर हे सृष्टिविधाता
प्रभु नै सबका जीवनदाता
सन्तति हौं सब बालक हामी
भक्ति देऊ हे त्रिभुवनस्वामी ।।

(३)

उज्ज्वल विद्या सीप बढाई
विश्वभरि नै कीर्ति फिंजाई
प्रभु यो जीवन सार्थक जाओस्
सद्गुण हाम्रो सबतिर छाओस् ।

शब्दार्थ

हृदयनिवासी – हृदयमा बास गर्ने ।
अविनाशी – कहिल्यै नाश नहुने ।
विश्वम्भर – संसारको भरणपोषण गर्ने ।
अन्तर्यामी – मनको कुरा जान्ने ।
सृष्टिविधाता – सृष्टिको रचना गर्ने ।
जीवनदाता – जीवन दिने ।
सन्तति – सन्तान ।

अभ्यास

१. प्रार्थनाका पद्यहरू कण्ठस्थ सुनाऊ ।
२. **अर्थ लेख**
विश्वम्भर, सृष्टिविधाता, जीवनदाता, सद्गुण ।

३. **शिक्षकसँग प्रश्न गर**

(क) भगवान्‌लाई विश्वम्भर किन भनेको ?

(ख) भगवान्‌लाई किन त्रिभुवनस्वामी भनिन्छ ?

(ग) कीर्ति विश्वभरि कसरी फिंजिन्छ ?

पाठ दुई

ईश्वरीय देन

यो सम्पूर्ण संसार ईश्वरको रचना हो । संसारमा भएका सबै कुरा ईश्वरले नै बनाएका हुन् । सबै प्राणीहरू उनका सन्तान हुन् । त्यसैले आफ्ना प्यारा सन्तान हुनाले सबै प्राणीमाथि ईश्वरले माया गर्दछन् । आकाश, पृथ्वी, चन्द्रमा, सूर्य, पर्वत, जंगल यी सबै कुरा ईश्वरले बनाएका हुन् । प्राणीलाई बाँच्न खुला ठाउँ चाहिने हुनाले आकाश बनाए । प्राणीलाई सास नफेरि नहुने हुनाले उनले हावा बनाए । प्राणीहरूलाई न्यानो र प्रकाश नभई नहुने हुनाले सूर्य, चन्द्रमा र आगो बनाए । प्राणीलाई अन्न, घाँसपात आदि नभई नहुने हुनाले पृथ्वी बनाए । पानीविना कोही पनि बाँच्न नसक्ने हुनाले समुद्र र बादल बनाए । पर्वत र जंगलमा नानाथरी जडीबूटी र धातुका खानीहरू बनाइदिएर प्राणीहरूलाई चाहिने सबै कुरा ईश्वरले जुटाइदिएका छन् । यसरी आफ्ना सबै सन्तानमाथि सधैं माया गर्ने हुनाले ईश्वरलाई 'जगत्पिता' र 'परमपिता' भनिएको हो ।

घाम, पानी, हावा आदि प्रकृतिका सबै पदार्थहरूलाई समय अनुसार चलाउन ईश्वरले नियम बनाएका छन् । समयमा घाम लाग्दछ, समयमा पानी पर्दछ र हावा चल्दछ । यी सबै कुरा ईश्वरले बनाएको नियम अनुसार समयमा हुने हुनाले हामीले लगाएका बालीनाली मौलाउँछन् र हामीलाई चिताएको फल प्राप्त हुन्छ । अन्न, सागपात, जडीबूटी आदि हामी उब्जाउन सक्तछौं। परमपिता परमात्माले यसरी संसारभरि व्याप्त भएर आफ्नो सृष्टिको लागि नियमको व्यवस्था गर्दछन् । यी सबै परमपिता ईश्वरका देन हुन् ।

सम्पूर्ण संसार नै ईश्वरको मन्दिर हो । उनी नभएको ठाउँ संसारभरि कहीं छैन । ईश्वर सबै ठाउँमा छन् । सबै कुरा देख्दछन्, जान्दछन्, सुन्दछन् । जसको मनमा जे उठेको होओस्, जसले जे गर्न लागिरहेको होओस्, ईश्वरलाई सबै थाहा हुन्छ ।

ईश्वरको आदि छैन, त्यसैले उनलाई 'अनादि' भनिन्छ । उनको अन्त पनि छैन , त्यसैले उनलाई 'अनन्त' भनिन्छ । उनका नाम पनि अनन्त छन् । रूप पनि अनन्त छन् । कसैले 'भगवान्', कसैले 'गड', कसैले 'अल्लाह' भनेर उनै एउटै परमपितालाई सबैले सम्झिन्छन् ।

ईश्वरलाई सबैले देख्न सक्तैनन् । संसारभरि व्याप्त भए तापनि उनमा श्रद्धा, भक्ति र दृढ विश्वास राख्नेहरूले मात्र उनलाई देख्न सक्तछन् । चोखो-मन भएका सबैप्रति असल चिताउने परोपकारी मानिसहरूप्रति ईश्वर प्रसन्न हुन्छन् । जसरी आफू संसारभरिका सबै प्राणीहरूमाथि दयामाया गर्दछन्, त्यसरी नै सबैप्रति दयामाया गर्ने मानिसलाई ईश्वर औधि मनपराउँछन् । दीन–दुःखीहरूमाथि ईश्वरलाई अति नै माया हुन्छ । त्यसैले उनलाई 'दीनबन्धु' भनिन्छ । ईश्वर दीनबन्धु हुनाले दीन–दुःखीहरूको सेवा गर्ने मानिसमाथि ईश्वरले सधैं कृपा गर्दछन् ।

हामी परम कृपालु ईश्वरको कृपाले जन्मन्छौं, हुर्किन्छौं र ठूला हुन्छौं। उनले दिएको आकाशमा खुला जीवन जिउँछौं। उनले दिएको हावामा सास फेर्छौं। उनले सिर्जेको पृथ्वीमा अन्न उमारेर प्राण धारण गर्छौं। उनैले सिर्जिदिएको पानी खाएर तिर्खा मेट्छौं। जीवनमा चाहिने सबै कुरा परम कृपालु परमेश्वरबाट प्राप्त हुन्छन्। हामीले असल काम गर्न लागेका बेला ईश्वरले सधैं साथ दिन्छन्। त्यसैले उनी हाम्रा परमपिता हुन्। उनलाई हामीले सधैं सम्झनुपर्छ। उनलाई सम्झिने गरेमा हामीलाई सधैं असल बुद्धि प्राप्त भइरहन्छ।

शब्दार्थ

रचना – बनाएको वस्तु
अनादि – आदि नभएको वस्तु
व्याप्त – पुगेको
अनन्त – अन्त नभएको, कहिल्यै नटुङ्गिने
प्रसन्न – खुशी
दीनबन्धु – दुःखीहरूको हित गर्नु

अभ्यास

१. छोटकरीमा जवाफ देऊ

(क) ईश्वरलाई परमपिता किन भनिएको हो ?
(ख) प्राकृतिक नियमहरू किन ईश्वरका देन हुन्? कारण खुलाई लेख।
(ग) ईश्वरलाई दीनबन्धु किन भनिन्छ ?
(घ) ईश्वरले कुन बेला साथ दिन्छन् ?

२. ठीक भए √ यस्तो र बेठीक भए × यस्तो चिन्ह लगाऊ

(क) पानीविना कोही पनि बाँच्न नसक्ने हुनाले समुद्र बनाए । ।

(ख) सम्पूर्ण संसार नै ईश्वरको मन्दिर हो ।

(ग) परोपकारी मानिसहरूप्रति ईश्वर रिसाउँछन् ।

(घ) दीन–दुःखीहरूमाथि ईश्वरलाई माया हुन्छ ।

(ङ) ईश्वरले दिएको हावाले म सास फेर्छु ।

३. ईश्वरीय देनमा नियमपूर्वक सबै कुरा हुन्छन् भन्ने आशयका पाँच वाक्य लेख ।

पाठ तीन

ईश्वरीय अंश



यो सम्पूर्ण संसार ईश्वरबाट बनेको हो । सबै प्राणीहरूका परम-पिता ईश्वर हुन् । सृष्टिका सबै प्राणीहरू मनुष्य, पशुपक्षी, कीटपतङ्ग, बोटबिरुवा ईश्वरका नै अंश हुन् । यो कुरा तिमीहरूले पहिलो पाठमा पढिसकेका छौ ।

सृष्टिका सम्पूर्ण जीवजन्तुहरूलाई जीवन दिने र चलाउने ईश्वर नै हुन् । सृष्टिमा पैदा हुने सम्पूर्ण पदार्थहरूलाई बचाइराख्ने पनि ईश्वर नै हुन् । ईश्वरको शक्तिविना संसारको कुनै जीवजन्तु र पदार्थको जीवन चल्न सक्तैन । ईश्वर आफैं सृष्टिको रचना गर्दछन् र आफैं आफ्नो शक्तिले त्यसलाई चलाउँछन् पनि । यसरी सृष्टिको प्रत्येक प्राणी र पदार्थलाई ईश्वरले माया गर्दछन् ।

मानिसलाई त झन् ईश्वर अति नै मनपराउँछन् । यो सृष्टिमा समुद्र, पर्वत, नदीनाला, वनजंगल, कीटपतङ्ग, पशुपक्षी पैदा भैसक्ता पनि ईश्वरलाई सन्तोष भएको थिएन । सृष्टिका प्राणीहरूलाई माया गर्ने र अरूलाई पनि दिएर खाने असल बुद्धि भएको कोही प्राणी पैदा भएको थिएन । त्यसैले ईश्वरलाई आफ्नो सृष्टिदेखि नै खल्लो लागिरहेको थियो । तर जब मानिस पैदा भयो अनि ईश्वरलाई अति नै आनन्द भयो । उनले ठूलो सन्तोषको अनुभव गरे । ज्यादै प्यारो लाग्ने हुनाले नै ईश्वरले मानिसलाई साथी बनाएका छन् । संसारलाई नयाँ ज्ञान दिनुपर्‍यो भने ईश्वर मानिसको रूप लिएर प्रकट हुन्छन् । नरसँगै नारायण बनेर बस्दछन् । मानिस ईश्वरको सबैभन्दा उत्तम अंश हो ।

हामीले अरू प्राणीहरूप्रति असल व्यवहार गरेको ईश्वर औधी रुचाउँछन् । मानिस, पशुपक्षी, बोटबिरुवा, कीटपतङ्गहरूप्रति माया गर्ने मानिस ईश्वरलाई ज्यादै प्यारो लाग्छ । हामीले सधैं अरू मानिसहरूप्रति असल व्यवहार गर्नुपर्दछ । पशुपक्षी, कीटपतङ्ग र बोटबिरुवाहरूलाई माया गर्नुपर्दछ । अरू मानिसहरूप्रति असल व्यवहार गर्नाले र पशुपक्षी, कीटपतङ्ग र बोटबिरूवाहरुप्रति माया गर्नाले परमपिता ईश्वर प्रसन्न हुन्छन् ।

शब्दार्थ

कीट पतङ्ग – कीरा फट्याङ्ग्रा
परमपिता – सबैको माया गर्ने बाबु
नर – मानिस ।

अभ्यास

१. उत्तर लेख

(क) सृष्टिको प्रत्येक पदार्थलाई कसले माया गर्छ ?

(ख) ईश्वरले मानिसलाई साथी किन बनाएका हुन् ?

(ग) हामीले अरूप्रति कस्तो व्यवहार गर्नुपर्छ ?

२. ठीकमा √ यस्तो र बेठीकमा × यस्तो चिन्ह लगाऊ

(क) हिंडडुल गर्ने प्राणीहरू अचर हुन् ।

(ख) ईश्वरको शक्तिले कोही पनि चल्दैन ।

(ग) मानिस पैदा भएपछि ईश्वरले आनन्द माने ।

(घ) मानिस ईश्वरको सबैभन्दा टाढाको अंश हो ।

(ङ) हामीले अरूप्रति असल व्यवहार गर्नुपर्छ ।

३. मानिस कसरी ईश्वरको उत्तम अंश हो भन्ने कुरा १० वाक्यमा लेख ।

पाठ चार

ईश्वरले सबैथोक देख्तछन्

उमेश र दिनेशको परस्परमा ठूलो मित्रता थियो । दुवै कक्षा ५ मा पढ्दथे । उनीहरूको घर पनि सँगै थियो । सँगसँगै विद्यालय जाने आउने गर्दथे । गुरुले ईश्वरको व्यापकताबारे कक्षामा पढाइसक्नुभएको थियो । ईश्वर सर्व-व्यापक छन् । सबै कुरा देख्तछन्, ईश्वरको दृष्टिमा नपरेको कुनै कुरो छैन भन्ने विषयमा उमेश र दिनेशले धेरै कुरा पढिसकेका थिए । दिनेश पढेका असल कुरालाई मनमा राख्तथ्यो । उमेश चाहिं उति ख्याल गर्दैनथ्यो ।

गुरुले कक्षामा भन्नुभएको थियो–" ईश्वरको दृष्टि हामीले गरेका सबै कामकुरामा परिरहेको हुन्छ । हामी कुनै कुरा पनि उनीबाट छिपाएर गर्न सक्तैनौं । ईश्वरप्रति विश्वास राखेर काम गरयो भने मानिसको चरित्रमा सुधार हुन्छ । अरूलाई छलेर, ढाँटेर गरेको कामको फल नराम्रो हुन्छ । ईश्वरमा विश्वास राखेर ईमान्दारीसाथ काम गरे मात्र असल गुणहरूको विकास हुन्छ र मानिस ठूलो हुन्छ ।"

दिउँसो १ बजे विद्यालयमा खाजा खाने छुट्टी हुन्थ्यो । एक दिन खाजा खाने छुट्टीको बेलामा उमेश र दिनेश खानेकुरा किन्न पसलमा गए । संयोगले त्यस बेला पसले भित्र अर्कै काममा लागेको थियो । पसलमा कोही थिएन । पसलमा मीठामीठा खानेकुराहरू सजाएर राखिएका थिए । राम्रा-राम्रा सिसाका भाँडामा बिस्कुट, चकलेट आदि राखिएका थिए । चकलेट देखेर उमेशले दिनेशलाई भन्यो–"ए दिनेश ! हेर चकलेट त ज्यादै राम्ररी सजाएर राखेको रहेछ । खाउँ खाउँ लाग्यो । " दिनेशले भन्यो– "पसले छैन । नकिनी कसरी खानु ?"

उमेशले भन्यो –"ठीकै त छ नि, पसले छैन । कोही नभएकोले कसैले देखला भन्ने पीर पनि छैन । झिकुँ है अलिकति चकलेट ?" दिनेशले भन्यो– " भलाई त यो राम्रो लागेन । अरूले नदेखेर के भयो र सर्वव्यापक ईश्वरले त देखिरहेकै छन् नि !"

दिनेशका कुरा सुनेर उमेशको चित्त बुझ्यो । उसले पसलेले नदेखीकन चकलेट झिकेर खाने विचार छोडिदियो । एकैछिनमा पसले आइपुग्यो । कोही नभएको बेला पसलमा आइपुग्दा पनि कुनै उपद्रो नगरी शान्तिसाथ पर्खेर बसेको देखेर दिनेश र उमेश दुवैलाई यी त असल विद्यार्थी रहेछन् भनी मनमनै पसलेले प्रशंसा गरयो । दुवैले भुजुरी र अलिकति चकलेट किने अनि खाजा खाए । किन्दाखेरी पनि भुजुरी र चकलेट दुवै थोक पसलेले अलिकति बढी नै दियो । मौकामा ईश्वरप्रति विश्वास राखेर नराम्रो कामबाट बचेको असल परिणाम दिनेश र उमेशले उसै बेला पाए । दिनेशको बुद्धिमानीले गर्दा उमेश पनि नराम्रोबाट बच्यो । ईश्वरप्रतिको विश्वासले उमेशलाई पनि सचेत तुल्यायो । ईश्वरमा विश्वास राखेर काम गर्दा यसै गरी सधैं नराम्रो कामबाट बच्न सकिन्छ । उनी सर्वव्यापक छन् । सबै कुरा देख्तछन् भन्ने संझिन र त्यसको पालन गर्न सक्यो भने मानिस देशको असल नागरिक बनेर बाँच्न सक्तछ । हामीले सधैं ईश्वरमा आस्था र विश्वास राख्नुपर्दछ ।

शब्दार्थ

सर्वव्यापक – सबै ठाउँमा पुगेका ।

आस्था – श्रद्धा ।

नागरिक – कुनै देशको मानिस ।

अभ्यास

१. प्रश्न

(क) गुरुले कक्षामा के पढाइसक्नुभएको थियो ?

(ख) कस्तो कामको फल नराम्रो हुन्छ ?

(ग) मानिसको चरित्रमा कसरी सुधार हुन्छ ?

(घ) पसलेले दिनेश र उमेशको किन प्रशंसा गरयो ?

(ङ) उमेशलाई केले सचेत तुल्यायो ?

२. बेठीकमा × यस्तो चिन्ह लगाऊ

(क) हाम्रो कुनै पनि कुरा ईश्वरले देख्दैनन् ।

(ख) पसलमा मीठामीठा खानेकुरा सजाएर राखेका थिए ।

(ग) दिनेशको कुराले उमेश आत्तियो ।

(घ) ईश्वरमा विश्वास गर्दा नराम्रो कामबाट बच्न सकिन्छ ।

(ङ) हामीले पसलेमा आस्था र विश्वास राख्नुपर्छ ।

३. वाक्यमा प्रयोग गर

दृष्टि, छिपाएर, सजाएर, पसले, आस्था ।

४. दिनेशका कुराले उमेशको चित्त बुझेर उसले के गरयो भन्ने बारेमा १५ वाक्य लेख ।

भाग दुई

आत्म अनुशासन

पाठ एक

पोशाकको सफाइ

सफा पोशाक लगाउने मानिसलाई अरूले मनपराउँछन् । सफा पोशाकले मानिस फूर्तिलो र राम्रो देखिन्छ । सफा पोशाक लगाउने मानिसको मन पनि प्रसन्न हुन्छ ।

पहिरिने लुगा मैला छन् भने हामीलाई अरूले मनपराउँदैनन् । मैला लुगा लगाएको मानिससँग कुराकानी गर्न पनि मानिस रुचाउँदैनन् । सुकिला लुगा लगाउने मानिस अरूका सामु पुगेका बेला भित्रभित्रै दिक्क भइरहन्छ ।

दिक्क मनले जाँगरसाथ काम गर्न पनि सकिँदैन। त्यसैले अरूको मनपर्दो हुन, मनलाई प्रसन्न र फूर्तिलो बनाउन हामीले लगाउने लुगालाई समयसमयमा धुने गर्नुपर्दछ।

नयाँ लुगा नभए पुरानोले काम चलाउनु परे पनि केही छैन। तर सफा पारेर लाउनुपर्दछ। लुगा दुई प्रकारबाट मैलिने गर्दछन्। बाहिरको लुगा धूलो र फोहोरले मैलिने गर्दछ। भित्रको लुगा पसीनाले मैलिन्छ र धेरै गन्हाउने गर्दछ। गन्जी, अण्डरवियर र मोजालाई अगि पछि एक दिन बिराएर र गर्मीको याममा भए दिनहुँ साबुन लगाएर धुने गर्नुपर्दछ।

बाहिर लगाउने कोट, कमिज, कुर्ता, दौरा, सुरूवाल, टोपी, विद्यालयको पोशाक आदि लुगालाई पनि समयसमयमा ध्यान दिई सफा गर्दै गर्नुपर्छ। धूलो, मैलो र अरू फोहोर नलाग्ने ठाउँमा हिफाजतसाथ राख्ने गर्नुपर्दछ। कोट पहिरिने बेलामा बुरुसले राम्ररी धूलो झारेर मात्र पहिरिनुपर्दछ। शरीरमा धूलो टाँसियो भने चिलाउने रोग लाग्दछ। छालामा थरीथरीका फोका-फोकी र घाउखटिरा उब्जिने डर हुन्छ। त्यसैले धूलो मैलो झारेर सफा गरेर मात्र लुगा पहिरिने गर्नुपर्दछ।

जुत्ता लगाउनुभन्दा पहिले पालिश लगाएर सफा गर्नुपर्दछ । प्रति दिन जुत्तालाई बुरुशले टलक्क पारेर पहिरिने गर्नुपर्दछ ।

सफाइ साह्रै ठूलो गुण हो । वरपरको सफाइले हामीलाई स्वच्छ वातावरण दिन्छ । पोशाकको सफाइले हामीलाई राम्रो स्वास्थ्य दिन्छ । सबैसित फरासिलो भएर हेलमेल गर्नसक्ने चंगा मन र फूर्ति दिन्छ । त्यसैले पोसाकको सफाइमा हामीले सधैं ध्यान दिनुपर्छ ।

सधैं विद्यालयबाट फर्केपछि लुगा फेर्ने गर्नुपर्छ । खेल्न जाँदा र सुत्ने बेलामा अर्कै लुगा लगाउनुपर्दछ । आफूले लगाउने लुगाको स्याहार आफैं गरयो भने मात्र चिताएको बेलामा लगाउन पाइन्छ । लुगा फुकालेर राख्दा सफा ठाउँमा हिफाजतसाथ मिलाएर राख्ने गर्नुपर्दछ । पोशाक स्वच्छ र सफा भएमा हामीलाई धेरै कुराको फाइदा हुन्छ ।

शब्दार्थ

प्रतिदिन – दिनैपिच्छे

वातावरण –वरपरको स्थिति

अभ्यास

१. उत्तर लेख

(क) मन चंगा भए हामी के गर्न सक्छौं ?

(ख) समयसमयमा लुगा किन धुने ?

(ग) भित्रको लुगा कसरी मैलिन्छ ?

(घ) लुगा फुकालेर कस्तो ठाउँमा कसरी राख्नुपर्छ ?

(ङ) कोट कसरी पहिरिनुपर्छ ?

२. खाली ठाउँमा ठीक शब्द राखेर भर

(क) सफा पोशाकले मानिस.....देखिन्छ ।

(ख) गन्हाउने लुगा लगाउँदा.....असर पर्छ ।

(ग) शरीरमा धूलो टाँसिंदा.....रोग लाग्छ ।

(घ) पोशाकको सफाइले.....राम्रो.....दिन्छ ।

(ङ) सधैं.....फर्केपछि .....फेर्ने गर्नुपर्छ ।

३. तल लेखिएका शब्द वाक्यमा प्रयोग गर

मनपर्दो, दिनहुँ, हिफाजतसाथ, वातावरण, स्याहार ।

४. पोशाकको सफाइका बारेमा बीस वाक्यको निबन्ध लेख ।

पाठ दुई

मिलनसारता

सबैसित हेलमेल गरेर असल व्यवहार गर्ने बानीलाई मिलनसारता भनिन्छ । मिलनसारता ठूलो गुण हो । मिलनसार मानिस सबैको प्यारो हुन्छ । मिलनसार मानिसका मित्रहरू धेरै हुन्छन् । मिलनसार मानिसले आँटेको काममा अरूबाट सहयोग पाउँछ ।

मिलनसार मानिस एक्लो कहिल्यै हुँदैन । मिलनसार मानिसले जस्तोसुकै नजानेको, नचिनेको ठाउँमा पुगे पनि आफ्नो असल गुणले सबैलाई आफ्नो बनाउन सक्दछ । मिलनसार मानिस सरल हुन्छ । ऊ घमण्डी हुँदैन र कसैसँग पनि झगडा गर्दैन । उसको मिलनसारताबाट सबै प्रभावित हुन्छन् ।

रमेश र दिनेश एउटै विद्यालयमा पढ्दथे । दुवै शिशिर माध्यमिक विद्यालयका छात्र थिए । रमेश ज्यादै मिलनसार थियो । उसलाई साथीहरू

औंधी रुचाउँथे। शिक्षक, शिक्षिका र विद्यालयपरिवार सबै उसित प्रसन्न थिए। उसलाई केही कुराको आवश्यकता पर्दा अरू साथीहरूबाट मद्दत मिल्दथ्यो। उता दिनेश चाहिँ आफ्नो घमण्डी र एकलकाँटे पाराले गर्दा सधैं एक्लो पर्दथ्यो। कोही पनि उसको नगीच जाँदैनथे। ऊ गुथ्थ परेर सधैं धुम्धुम्ती बसिरहन्थ्यो। शिक्षक, शिक्षिकाहरू पनि उसलाई मन-पराउँदैनथे। खस्रो बोली, अरूको दोषमात्र बखान्ने बानी, घमण्डी र रूखो स्वभावले गर्दा ऊ सबैको निम्ति अप्रिय थियो। आफूलाई अरूले मन नपराएको देखेर उसको जाँगर भित्रैदेखि मरेर आउँथ्यो। कक्षामा ऊ सधैं पछि पर्दथ्यो। पढ्नमा पनि उसलाई मन लाग्दैनथ्यो। उसले कतैबाट प्रशंसा र प्रोत्साहन पाउन सकेन। त्यसैले उसले पढाइमा प्रगति गर्न सकेन।

मिलनसार मानिसले सबैबाट प्रोत्साहन पाउँछ र चाँडै उन्नति गर्न-सक्तछ। रमेशले आफ्नो मिलनसारताबाट ठूलो ख्याति कमाएको थियो। प्रत्येक वर्ष विद्यालयको वार्षिक समारोहमा रमेशलाई असल चरित्र भएको विद्यार्थी भनेर प्रशंसा प्राप्त हुन्थ्यो। जतिजति उसलाई सबैबाट प्रशंसा प्राप्त हुन्थ्यो, उतिउति उसको पढ्नमा पनि हौसला बढ्दथ्यो। रमेश जतिजति माथिल्ला कक्षाहरूमा पुग्दै गयो, उतिउति उसले पढ्नमा प्रगति गर्दै गयो र मिहिनेतसाथ पढेर एस० एल० सी० परीक्षामा प्रथम श्रेणीमा उत्तीर्ण भयो।

"नानी हो! हामीले सधैं मिलनसार बन्नुपर्दछ। मिलनसार बन्न तल लेखिएका तीन कुराहरूमा विशेष ध्यान दिनुपर्दछ।

१. अरूका गुणको कदर

हरेक मानिसमा कुनै न कुनै असल गुण अवश्य हुन्छ। मानिसले अरूको बारेमा सोच्ता असल गुणपट्टि ध्यान दिएर सोच्नुपर्दछ। अरूका

असल गुणको सम्मान गर्नुपर्दछ । अरूका दोषको बखान गरिहिंड्ने मानिसलाई कसैले पनि मनपराउँदैनन् । अरूका गुणको कदर गर्ने मानिस-प्रति नै सबै आकर्षित हुन्छन् ।

२. मीठो बोली

मिलनसार बन्न चाहनेले मीठो बोली बोल्ने बानी बसाल्नुपर्दछ । नानी हो ! बोलीमा साह्रै ठूलो आकर्षणशक्ति हुन्छ । हेर, काग र कोइली दुवै काला हुन्छन् । हेर्दा पनि उस्तैउस्तै देखिन्छन् । बाहिरबाट खास फरक देखिंदैन । परन्तु वसन्त ऋतु आइपुगेपछि काग काग नै हुन्छ, कोइली कोइली नै हुन्छ । न कोइलीले कसैलाई केही दिएर खुशी पारेको हुन्छ न कागले कसैसँग केही लिएर वावक तुल्याएको हुन्छ । खालि बोलीको फरकले गर्दा काग काग नै हुन्छ, कोइली कोइली नै हुन्छ । कागको रूखो स्वरले सबैलाई वावक पार्छ । कोइलीको मीठो स्वरले सबैलाई आफूतिर तानिरहेको हुन्छ । मिलनसार बन्न चाहने मानिसले यो कुरामा ध्यान दिनुपर्छ ।

३. फरासिलो पना

मिलनसार बन्न फरासिलो हुनु आवश्यक हुन्छ । भेट हुँदा र कुराकानी गर्दा हँसिलो मुख र खुला दिलले व्यवहार गर्नुपर्दछ । अँध्यारो मुख र बनावटीपन गरेर व्यवहार गरेको कसैलाई पनि मनपर्दैन । त्यस्तो मानिसप्रति कोही पनि आकर्षित हुँदैनन् । त्यसैले फरासिलो हुनु अत्यन्त आवश्यक हुन्छ ।

माथि भनिएका तीन कुरालाई विशेष ध्यान दिएर हामीले सधैं मिलनसार बन्नुपर्दछ । मैं मात्र जान्ने र मैं मात्र ठूलो भनेर फुलेर बस्ने बानी भएको मानिसले कहिल्यै पनि प्रगति गर्न सक्तैन । त्यस्तो मानिस मिलनसार बन्नसक्तैन । सधैं एक्लो हुन्छ ।

हामी सामाजिक प्राणी हौं । हामीलाई अरूसितको मेलमिलाप सधैं चाहिन्छ । मिलनसार बनेमा मात्र हाम्रो अरूसित मेलमिलाप बढ्न सक्तछ ।

शब्दार्थ

सम्मान – कदर
आकर्षणशक्ति – अरूलाई आफूतिर तान्ने शक्ति
अप्रिय – मन नपर्ने
फरासिलोपना – खुला मन र हँसिलो व्यवहार गर्ने बानी

अभ्यास

१. उत्तर लेख

(क) कस्ता मानिसका धेरै मित्र हुन्छन् ?
(ख) रमेशदेखि किन सबै प्रसन्न थिए ?
(ग) दिनेश किन सबैको अप्रिय थियो ?
(घ) कस्ता मानिसप्रति सबै आकर्षित हुन्छन् ?
(ङ) कस्तो मानिस कसैलाई पनि मनपर्दैन ?

२. खाली ठाउँ भर

(क) मिलनसार ..... एक्लो ..... हुँदैन ।
(ख) अरूका ..... सम्मान गर्नुपर्छ ।
(ग) कोइलीको ..... सबैलाई ..... तानिरहेको हुन्छ ।
(घ) मिलनसार बन्न ..... हुनुपर्छ ।
(ङ) हामी ..... हौं ।

३. तल लेखिएका शब्द वाक्यमा प्रयोग गर

सम्मान, बलवान, हँसिलो, मिलनसार, एक्लो ।

४. रमेश र दिनेशका बारेमा ५-५ वाक्य लेख ।

पाठ तीन

विश्वासिलोपना



विश्वासिलोपना सफलताको लागि नभै नहुने गुण हो । विश्वासिलो नभै साथीहरूसित मेलमिलाप बढ्न सक्तैन । धोखा दिने मानिसलाई कोही पनि मनपराउँदैन । अविश्वासिलो मानिसलाई खोटो पैसालाई जस्तै सबैले छोडी दिन्छन् ।

विश्वासिलो बन्नाले मानिसको इज्जत र प्रतिष्ठा बढ्छ । विश्वासिलो मानिसको सबैले गुण गाउँछन् । वसन्त माध्यमिक विद्यालयको एउटा विद्यार्थी को कथा यस विषयमा निकै नै प्रेरणादायी छ । त्यो तिमीहरू पढ ।

शंकरमान नाउँ गरेको एउटा विद्यार्थी थियो । ऊ पढ्नमा ज्यादै तेज थियो । दिएको पाठ ध्यानसित पढ्दथ्यो र शिक्षकले कक्षामा सोध्दा ऊ सरासर भनिदिन्थ्यो । पढ्नमा लगनशील छ भनेर उसलाई शिक्षक–शिक्षिकाले

प्रशंसा गर्दथे । प्रतिवर्ष ऊ कक्षामा राम्रा अङ्क ल्याएर इनाम पाउँथ्यो। आफ्ना साथीहरूसित मेलमिलाप बढाउन शंकरमान औधि रुचाउँथ्यो । नजानेको कुरा सोध्न आउँदा आफ्ना साथीहरू र आफूभन्दा तलका कक्षाहरूमा पढ्ने विद्यार्थीहरूलाई ऊ प्रेमले सिकाइदिन्थ्यो । ऊ ६ कक्षामा पढ्दथ्यो । शंकरमान पढाइमा जस्तो थियो, विश्वासिलोपनामा पनि उस्तै कहलिएको थियो । साथीहरूलाई ऊ धोखा कहिल्यै दिँदैनथ्यो । कसैको केही कुरा फेला पारयो भने जसको हो उसलाई बुझाइदिन्थ्यो ।

एक दिन उसले विद्यालय जाँदा खाजा खाने पैसा लैजान बिर्सिएछ । दिउँसो १ बजे विद्यालयमा खाजा खाने छुट्टी भयो । कक्षाबाट बाहिर निस्किन लाग्दा शंकरमानले ढोकानिर एउटा पैसा राख्ने सानो ब्याग भेट्टायो । खोलेर हेर्दा त्यसमा १५।– रूपैयाँ थियो । मधुवन भन्ने उसको साथीले भन्यो–"शंकरमान, अब त मजा भइगयो नि । पन्ध्र रूपैयाँले मीठामीठा खानेकुरा किन्ने अनि एक ठाउँ बसेर मोजसँग खाने । हिंड जाऔं ।"

शंकरमानलाई त्यो कुरा मनपरेन । उसले भन्यो–"अहँ, त्यसो गर्नुहुँदैन । यो ब्यागको पैसा म त खर्च गर्दिन । अरूको कुरा यसरी लिनु साह्रै नराम्रो हो । म त यो ब्याग प्रधान अध्यापकज्यूको कार्यालयमा बुझाइदिन्छु ।

मधुवनले भन्यो–"तिमी अघि भन्थ्यौ आज खाजा खाने पैसा ल्याउन बिर्सिएछ भनेर । अब आफूसित पनि आज पैसा छैन । फेला परेको पैसा पनि खर्च गर्दिन भन्छौ । अनि आज भोकै बस्छौ त?" शंकरमानले दृढतासित भन्यो "आफूले पैसा ल्याउन बिर्सियो भन्दैमा अरूको पैसा चलाउनु हुन्छ त? भयो, तिमीहरू खाजा खान जाओ, म त यो ब्याग कार्यालयमा बुझाइदिन्छु ।"

शंकरमानले ब्याग लगेर प्रधान अध्यापकलाई जस्ताको तस्तै बुझाइदियो । प्रधान अध्यापकले शंकरमानलाई स्याबासी दिए । उसको विश्वासिलोपनाबाट उसका साथीहरूमा पनि राम्रो प्रभाव परयो । शंकरमानलाई त्यस

दिन खाजा खाने पैसा २,३ जना साथी मिलेर नै जुटाइदिए । खाजा खाने छुट्टीपछि फेरि कक्षाहरू चल्न लागे । खाजा खाइसकेर सबै विद्यार्थी आपना कक्षामा पढ्न गए । शंकरमानले बुझाएको ब्याग उसको कक्षाको रामनाथ भन्ने विद्यार्थीको रहेछ । रामनाथले प्रधानाध्यापकको कार्यालयबाट आफ्नो ब्याग फिर्ता पायो । शंकरमानको असल व्यवहारले गर्दा साथीको हराएको रूपैयाँ फेला परयो । त्यस दिन कक्षामा शिक्षकले सबैका सामु शंकरमानको विश्वासिलो व्यवहारको प्रशंसा गरे । आफ्नो विश्वासिलोपनाले गर्दा शंकरमान विद्यालयका सबै विद्यार्थीहरूमा प्रसिद्ध भयो ।

मधुवनले शंकरमानको विश्वासिलो व्यवहारको सबैको सामू प्रशंसा गरयो । अरू साथीहरूले पनि शंकरमानको प्रशंसा गरे ।

शंकरमान विश्वासिलोपनाको निम्ति विद्यालयभरि नै कह-लिएको थियो । सबैले उसको सह्राहना गर्दथे । शंकरमानलाई विश्वासिलो भन्ने पदवी मिलेको थियो । विश्वासिलो व्यवहारको विकास गर्न सकेमा हामी देशलाई स्वर्ग बनाउन सक्तछौं ।

विश्वासिलोपनाले नै मानिसलाई चरित्रवान् बनाउँछ । विश्वासिलो मानिसका धेरै मानिसहरू मित्र हुन्छन् । नानी हो ! तिमीहरूले पनि शंकरमान जस्तै विश्वासिलो भएर आफ्नो नाम उज्ज्वल पार्नुपर्दछ ।

शब्दार्थ

खोटो पैसा – नचल्ने पैसा
प्रेरणादायी – प्रेरणा दिने
लगनशील – सधैं लागिपर्ने
प्रतिष्ठा – सम्मान

अभ्यास

१. उत्तर लेख

(क) विश्वासिलो बन्नाले मानिसलाई के फाइदा हुन्छ ?

(ख) शंकरमानलाई शिक्षक–शिक्षिकाले किन प्रशंसा गर्थे ?

(ग) ब्यागको पैसा खर्च गर्न भन्दा शंकरमानले मधुवनलाई के भन्यो ?

(घ) शंकरमानको विश्वासिलोपनाले उसलाई कस्तो पदवी मिल्यो ?

(ङ) के गर्न सकेमा हामी देशलाई स्वर्ग बनाउन सक्छौं ?

२. खाली ठाउँ भर

(क) विश्वासिलो नभई · · · · · मेलमिलाप. . . . . .सक्दैन ।

(ख) प्रतिवर्ष कक्षामा ऊ · · · · · इनाम पाउँथ्यो ।

(ग) मधुवनले · · · · · · विश्वासिलो · · · · · प्रशंसा गरयो ।

(घ) हामीहरूले शंकरमान जस्तै · · · · · · · · · · · · भएर आफ्नो नाम उज्ज्वल पार्नुपर्छ ।

३. तलका शब्दहरूको वाक्यमा प्रयोग गर

खोटो, मेलमिलाप, विश्वासिलोपना, प्रशंसा, पदवी

४. शंकरमान र मधुवनको बीचमा भएको कुराकानी १० वाक्यमा लेख ।

पाठ चार

मित्रहरूप्रति सहयोग

अरूलाई परेको बेला मद्दत गर्नुलाई सहयोग भनिन्छ । आपना मित्रहरूलाई आवश्यक परेको बेला सहयोग गर्नु साह्रै असल बानी हो । यस्तो बानी भएको मानिसको धेरै मित्रहरू हुन्छन् । सहयोग गर्ने मानिससित नै सबैले मितेरी गर्दछन् ।

कसैलाई मुखले मित्र बनाउनु सजिलो हुन्छ । तर मित्रताको व्यवहार कायम गर्न ठूलो बुद्धिमानीको ज्यादै आवश्यकता हुन्छ । मित्रलाई घनिष्ट मित्र बनाउने र नयाँ मित्र थप्ने उपाय हो, सहयोग । आपना मित्रलाई परेको बखत केही गरेन र उनीहरूलाई निराश तुल्यायो भने मित्रता बीचैमा टुट्दछ । परन्तु मित्रलाई परेका बेलामा सहयोग गरयो भने मित्रता दिगो रहन्छ ।

साँचो मित्रमा तल लेखिएका गुणहरू हुन्छन्:–

(१) साँचो मित्रले आफ्ना मित्रलाई नराम्रो बाटोमा लागेको बेला बचाउँछ।

(२) साँचो मित्रले आफ्नो मित्रलाई असल हुने कुरा, नछिपाईकन बताउँछ।

(३) साँचो मित्रले आफ्ना मित्रका असल गुणहरूको बखान गरेर अरूलाई सुनाउँछ।

(४) साँचो मित्रले आफ्ना मित्रका भन्न नहुने र खोल्न नहुने कुरालाई नभनी नखोली गोप्य राख्दछ ।

(५) साँचो मित्रले आफ्नो मित्र आपत्तिमा परेको बेलामा पनि सँगै रहेर सहयोग गर्दछ ।

(६) साँचो मित्रले आफ्नो मित्रलाई चाहिएका बेला केही आर्थिक सहायता समेत दिएर मद्दत गर्दछ ।

यी साँचो मित्रका लक्षण हुन् । यी लक्षणहरू जीवनमा नआईकन मित्रता दिगो हुँदैन । मित्रताको भावनाले जातपात हेर्दैन । धनी निर्धनी हेर्दैन । नानीहरूले सुनेका होऔला, त्रेतायुगमा भगवान् रामले बाँदर कुलका सुग्रीवसँग समेत मितेरी गर्नुभएको थियो । रावणले हरेर लगेकी सीतालाई लंकाबाट ल्याउन सुग्रीवले भगवान् श्री रामलाई ठूलो मद्दत गरेका थिए । भगवान् श्री रामले पनि सुग्रीवसँगको मितेरीलाई ज्यादै कदर गर्नुभएको थियो । परस्परको सहयोगको गुणले गर्दा राम र सुग्रीवको मितेरी जीवनभरि नै रहेको थियो । असल गुण भएकाले बाँदरसित समेत भगवान् श्री रामले मितेरी लगाउनुभयो ।

द्वापरयुगमा पनि भगवान् श्री कृष्णले बाल्यकालमा गुरुका आश्रममा पढेका बेला एक जना गरीब ब्राह्मण बालकसित मितेरी लगाउनुभएको थियो । उनको नाम सुदामा थियो । पछि सुदामालाई गरीबीले अप्ठ्यारो परेका बेला भगवान् श्रीकृष्णछेउ उनी सहयोगको निम्ति उपस्थित भए ।

भगवान् श्री कृष्णले मित्र सुदामाको बिन्ति सुन्नुभयो र अपार धन दिएर सधैंको निम्ति उनको संकट टारिदिनुभयो । राम र सुग्रीव अनि कृष्ण र सुदामाको मित्रताको आज पनि संझना गरिन्छ। कहीं कसैले कसैसित मितेरी गर्न आँटेका बेला "राम र सुग्रीवको जस्तै, कृष्ण र सुदामाको जस्तै तिमीहरूको मितेरी पनि अटल रहोस्" भनी ठूलाबडाहरूले आशीर्वाद दिन्छन् । सहयोगबाटै मित्रताको विकास हुन्छ भन्ने कुरा यी कथाबाट स्पष्ट हुन्छ ।

हामीले जातपात र धनी निर्धनीको भेदभाव नराखी आफ्ना मित्रहरूलाई सधैं हित हुने कुरा गर्नुपर्दछ । सहयोग गर्ने बानी जति बढाउन सक्यो मित्रता त्यति बढ्दछ ।

मित्रलाई धोका हुने काम कहिल्यै गर्नुहुँदैन । यसो गर्दा रहेको मित्रता पनि समाप्त हुन्छ। मित्रहरूको हित गर्ने मानिसप्रति सबै रिझ्दछन् । त्यस्तै मानिस सबैको प्यारो हुन्छ ।

मित्रता बढोस् र मेरा धेरै मित्रहरू होऊन् भन्ने चाहना पूरा गर्न तलका कुरा सधैं ख्याल गर्नुपर्दछ ।

१. "म तिमीलाई धेरै प्रेम गर्छु" भनेर मुखले मात्र भन्नुहुँदैन । मित्रता मनमा नै रहोस् । घरभित्रको दियो बलिरहेझैं मनमा रहेको चोखो मित्रता दिगो रहन्छ। तर बाहिर निकाल्नासाथ हावाले दियो निभेझैं खालि मुखले मात्र बखानिरह्यो र मित्रता बढ्ने काम चाहिँ गरेन भने मित्रता पनि घट्तैजान्छ ।

२. मित्रहरूको सामु आफ्नो स्वार्थ अघि सार्नुहुँदैन। स्वार्थी मानिसका मित्र धेरै हुँदैनन् । स्वार्थी भावना मित्रताको शत्रु हो।

३. मित्रहरूसित चाँडो रिसाउनुहुँदैन। चाँडो रिसाउने मानिसले मित्रता कायम राख्न सक्तैन। मित्रहरूसँग सहनशील भएर सहयोग गर्नुपर्छ ।

माथिका कुरालाई सावधानीसाथ ध्यानमा राखेर मित्रहरूलाई सहयोग गर्नुपर्दछ। सहयोग मित्रताको प्राण हो ।

शब्दार्थ

निराश – आशा नभएको
आर्थिक – पैसाको
लक्षण – गुण
उपस्थित – हाजिर
अपार – पार नपाइने

अभ्यास

१. उत्तर लेख

(क) कस्तो बानी साह्रै असल हुन्छ ?
(ख) के गर्दा मित्रता दिगो हुन्छ ?
(ग) मितेरी गर्न आउँदा ठूलाबडाले कसरी आशीर्वाद दिन्छन् ?
(घ) मित्रताको शत्रु के हो ?
(ङ) मित्रताको प्राण के हो ?

२. ठीक शब्द छानेर खाली ठाउँ भर

(क) मित्रता ..... रहोस् ।
(मनमा, घरमा, भाँडोमा)
(ख) स्वार्थी मानिसका ..... धेरै हुँदैनन् ।
(नोकर, मालिक, साथी)
(ग) मित्रहरूसित चाँडो ..... हुँदैन ।
(कुरा गर्नु, खुशाउनु, रिसाउनु)

३. (क) साँचो मित्रका ६ वटा लक्षणको वर्णन गर ।
(ख) श्रीराम सुग्रीवको मित्रताको बारेमा ५ वाक्य लेख ।

पाठ पाँच

प्राथमिकताको आधारमा काम गर्ने बानी



हाम्रो जिन्दगी कर्मैकर्मको जिन्दगी हो । हाम्रा सामु जतातत कामै-काम हुन्छन् । काम नगरी हामी बस्न सक्तैनौं । बस्नु हुँदैन पनि । तर काम गर्दा कुन काम कतिखेर जरूरी हुन्छ, त्यो बुझेर गर्नुपर्छ । गर्नुपर्ने धेरै कामहरू मध्ये पहिले गर्नुपर्ने कामलाई प्राथमिक भन्दछन् । पहिले गर्नुपर्ने काम बुझेपछि प्राथमिकता बुझिन्छ । काम गर्दा प्राथमिकता हेरेर कुन बेला के नगरी नहुने हो, राम्ररी बुझेर गर्नुपर्दछ ।

विद्याले परिश्रमीलाई मात्र साथ दिन्छ । विद्यार्थीको लागि पढ्नु सबैभन्दा प्राथमिक काम हुन्छ । पढ्नमा मन नदिने विद्यार्थी कहिल्यै सफल हुँदैन । पढाइपछि स्वास्थ्यतिर ध्यान दिनुपर्दछ । प्रतिदिन केही समय नियमित खेलकूद र व्यायाममा लगाउनुपर्दछ । ठीक समयमा खाना खानुपर्दछ । ठीक समयमा सुत्ने र उठ्ने गर्नुपर्दछ । ठीक समयमा सफाइको

काम गर्नुपर्दछ । ठीक समयमै आफ्नो पाठ तयार गर्नुपर्दछ । ठीक समयमा विद्यालय पुग्नुपर्दछ । यी सबै कामलाई व्यवस्थित रूपले पूरा गर्न कुन समयमा कुन कामलाई प्राथमिकता दिनुपर्ने हो, त्यो ख्याल राख्नुपर्छ ।

जस्तो, बिहान छ भने त्यस बेला दिसा-पिसाब गर्ने, हात-मुख धुने, प्रार्थना गर्ने, शिक्षकले दिएको पाठ याद गर्ने, कापी किताब मिलाउने, खाना खाने र पोशाक ठीक पार्ने अनि लगाएर विद्यालय जाने । बिहान यी कामलाई प्राथमिकता दिनुपर्छ । बिहानको समयमा बाहिरको फाल्तू काममा समय खर्च भयो भने विद्यालयको लागि चाहिने आवश्यक तयारी हुन सक्तैन । पढाइमा बाधा पुग्दछ ।

दिउँसो छ भने विद्यालयमा कक्षाको पाठलाई ध्यानसित सुन्ने, शिक्षकले अह्राएको काम गर्ने, विद्यालयमा आयोजित हुने कार्यक्रमहरूमा नियमित रूपले भाग लिने इत्यादि कामकुरालाई नै प्राथमिकता दिनुपर्दछ । विद्यालयको समयमा फाल्तू कुरातिर लाग्ने विद्यार्थीले पढाइमा प्रगति गर्न सक्तैन ।

विद्यालयबाट घर फर्केपछि खाजा खाने र साँझतिर एकछिन खेल्ने गर्नुपर्दछ । साँझपखतिरको समयमा खेलकूदलाई प्राथमिकता दिर्नुपर्दछ । नियमित खेलकूदबाट स्वास्थ्यमा सुधार हुन्छ । राम्रो स्वास्थ्य भएमा पढाइमा बढी प्रगति गर्न सकिन्छ ।

बेलुकाको समयमा शिक्षकले दिएको घरकाम पूरा गरेन भने बिहान हतार पर्छ । अरू काममा बाधा पर्छ । समयमा विद्यालय पुग्न सकिंदैन । त्यसैले बेलुकीको समयमा गृहकार्यलाई नै प्राथमिकता दिनुपर्दछ ।

छुट्टीको दिन सफाइको कामलाई प्राथमिकता दिनुपर्दछ । छुट्टीका दिन नुहाउने, लुगा धुने आदि सफाइका विशेष कामहरू गरेन भने फेरि हप्ता दिनभरिलाई मैलो पोशाक र मैलो जीउले नै काम चलाउनुपर्ने हुन्छ । यसो गर्दा स्वास्थ्य बिग्रन्छ । स्वास्थ्य बिग्रियो भने पढाइमा बाधा पर्छ । विद्यार्थीको लागि सबैभन्दा बढी ध्यान दिनुपर्ने विषय पढाइ हो । जुन कामलाई जुन समयमा प्राथमिकता दिएर गर्नाले पढाइमा बाधा पर्दैन, त्यो कामलाई त्यही समयमा प्राथमिकता दिएर गर्नुपर्दछ । विद्यार्थीले आफ्नो पढाइलाई नै सबैभन्दा बढी ध्यान दिनुपर्दछ । पढाइ बिग्रिएमा विद्यार्थीको भविष्य बिग्रन्छ । भविष्य नबिग्रियोस् भनेर विद्यार्थीले सधैं पढाइमा ध्यान दिनु पर्छ । त्यसैको निमित्त काम गर्दा प्राथमिकता दिएर गर्न जान्नुपर्छ । उचित प्राथमिकता दिएर काम गर्ने बानी भएमा विद्यार्थीलाई सधैं सफलता मिल्दछ ।

शब्दार्थ

जरूरी – नगरी नहुने
प्रगति – उन्नति
भविष्य – पछि आउने समय

प्राथमिक – पहिले गर्नुपर्ने
व्यवस्थित – राम्रो व्यवस्था मिलेको
आयोजित – आयोजना गरिएको

अभ्यास

१. उत्तर देऊ

(क) काम गर्दा कसरी गर्नुपर्छ ?
(ख) बिहान के गर्नुपर्छ ?
(ग) बेलुकी केलाई प्राथमिकता दिने ?
(घ) पढाइ बिग्रिए के हुन्छ ?
(ङ) कस्तो विद्यार्थीलाई सफलता मिल्छ ?

२. ठीकमा √ यस्तो चिन्ह लगाऊ

(क) ठीक समयमा सुत्ने र उठ्ने गर्नुपर्छ ।
(ख) विद्यालयको समयमा पढ्ने मानिसले प्रगति गर्दैन ।
(ग) छुट्टीको दिन घरधन्दालाई प्राथमिकता दिनुपर्छ ।
(घ) विद्यार्थीले पढाइलाई नै प्राथमिकता दिनुपर्छ ।
(ङ) जीउ मैलो भएमा स्वास्थ्य बिग्रिन्छ ।

३. वाक्यमा प्रयोग गर

सफल, व्यवस्थित, फाल्तू, प्राथमिकता ।

४. छुट्टीको दिनमा प्राथमिकता दिएर गर्नुपर्ने कामको वर्णन गर ।

पाठ छ

खेलकूद र नियमपालन

स्वास्थ्यको निमित्त खेलकूद ज्यादै आवश्यक हुन्छ। सधैं निश्चित समयमा खेलकूदमा भाग लिने गरेमा स्वास्थ्य राम्रो हुन्छ। खेलकूदले शरीरका स्नायुहरू र मांशपेशीहरूमा उचित व्यायाम पुग्दछ । खुला स्वच्छ हावामा दौडनाले श्वास प्रक्रियामा राम्रो प्रभाव पर्दछ। फोक्सोलाई यसबाट ठूलो पोषकतत्त्व प्राप्त हुन्छ। रगतमा शुद्धता आउँछ। सार रूपमा भन्ने हो भने खेलकूदबाट शरीरलाई फूर्ति र कान्ति प्राप्त हुन्छ। अनावश्यक मोटोपन बढ्न पाउँदैन। खेलकूदबाट गठिलो भएको शरीर सबैको निम्ति आकर्षक हुन्छ। खेलकूदका यिनै फाइदाहरूले गर्दा आजको विश्वमा खेलकूदको महत्त्व बढ्दै गएको छ।

प्रत्येक शिक्षण संस्थामा कुनै न कुनै रूपमा खेलकूदको निमित्त प्रबन्ध हुन्छ। समयसमयमा विभिन्न प्रतियोगिताहरू आयोजित भइरहन्छन्।

शैक्षिक क्षेत्रमा मात्र नभई राष्ट्रिय स्तरदेखि लिएर अन्तरराष्ट्रिय स्तरसम्मका खेलकूद प्रतियोगिताहरू देश विदेशमा समयसमयमा भइरहन्छन् । हाम्रो नेपालमा पनि स्वस्थ र सवल नागरिकहरू तयार पार्ने उद्देश्यले श्री ५ को सरकारले नेपाल राष्ट्रिय खेलकूद परिषद्को स्थापना गरेको छ । परिषद्ले समयसमयमा विभिन्न अञ्चल र विभिन्न जिल्लामा खेलकूद प्रतियोगिताहरूको आयोजना गर्ने गर्दछ । यसको अतिरिक्त हाम्रै विद्यालयमा पनि समयसमयमा खेलकूदको आयोजना भइरहन्छ । हामीले खेलकूदमा रुचिसाथ भाग लिएर स्वास्थ्यलाई राम्रो बनाउनुपर्दछ ।

खेलकूदमा भाग लिंदा अनुशासनलाई अत्यन्त ख्याल राख्नुपर्दछ । खेलकूदका निश्चित नियमहरू हुन्छन् । ती नियमहरूको पालन गर्नुपर्दछ । नियमहरूको पालनसाथ खेल्ने खेलाडीलाई नै आदर्श खेलाडी भन्दछन् । खेलका नियमहरूको पालन नगर्ने खेलाडीले सजाय पाउँछ । यसबाट उसलाई खेलप्रति रुचि कम भई अनुत्साहित र आफूप्रति हीन भावना हुन्छ । त्यसैले यी कुराहरूबाट बच्न खेलका नियमको पालन गरेर अनुशासित बन्नुपर्दछ ।

हिजो आज हाम्रो देशमा फूटबल, भलिबल, टेबल टेनिस, ब्याडमिन्टन एथलेटिक्स, बक्सिग, बाघचाल, बुद्धिचाल, कपर्दी, पौडी, क्रिकेट, जिम्नास्टिक, ह्याण्डबल, भारोत्तोलन, शरीरिक संगठन र सुटिङ्ग जस्ता खेलहरू प्रचलित छन् ।

यी सबै खेलहरू नियम अनुसार खेलिन्छन् । खेलमा सम्मिलित हुँदा ख्याल राख्नुपर्ने केही नियमहरू यस प्रकार छन् ।

(१) खेलको अवधिसम्बन्धी नियम ।
(२) अंक दिने नियम ।
(३) सट्टा खेलाडीसम्बन्धी नियम ।

(४) खेलाडी दर्तासम्बन्धी नियम ।
(५) खेल्ने पोशाकसम्बन्धी नियम ।
(६) खेल स्थगितगर्ने नियम ।
(७) विरोध प्रस्तुत गर्ने नियम ।
(८) वादविवाद पर्न आएमा पालन गनुपर्ने नियम ।
(९) सूचनासम्बन्धी नियम ।
(१०) समयसम्बन्धी नियम ।
(११) रेफ्रीसम्बन्धी नियम ।

यी चाहिं मूल नियमहरू भए । तलका सामान्य नियमहरू सम्पूर्ण खेलहरूमा पालन नगरी हुँदैन ।

(१) निर्धारित समयभित्र पुग्नुपर्दछ । रेफ्रीको संकेत अनुसार खेलको बीचमा रिर्धारित समयको पालन गर्नुपर्दछ ।
(२) तोकिएको खेलकूदको पोसाक नै लगाउनुपर्छ । खेलकूदको सम्भार गर्नुपर्दछ ।
(३) कुनै कुरामा कसैबाट गल्ती भएमा विरोध गर्दा झगडा नगरी शिष्ट तरीकाले विरोध गर्नुपर्दछ ।
(४) आफूबाट गल्ती हुन गएमा झगडा बढ्न नदिई खुला मनले स्वीकार गर्नु-पर्दछ ।
(५) स-साना कुरामा विवाद गर्ने बानी लिनुहुँदैन । सकेसम्म उचित तरीकाले विवादलाई टुङ्ग्याउने कोसिस गर्नुपर्छ ।
(६) आ-आफ्ना साथीहरूलाई हर तरहले मद्दत पुर्‍याउनुपर्दछ ।
(७) रेफ्रीले दिने सङ्केतको पालन गर्नुपर्दछ ।
(८) भिन्नभिन्न समूहमा बाँडिएका साथीहरूसित यो बाँडिने काम

खेलकूदभरिको मात्र हो भन्ने ठानी आफ्नो मित्रता उसै गरी कायम राख्नुपर्दछ ।

(९) खेलकूदको हारजितलाई लिएर दुःखी हुने अथवा अरूलाई गिज्याउने गर्नुहुँदैन ।

यी सामान्य नियमहरू बाहेक प्रत्येक खेलका आफ्नै विशेष नियमहरू पनि हुन्छन् । तिनको पालन अनिवार्य हुन्छ । नियमको पालन गर्ने मानिसलाई सबैले सह्राहना गर्छन् । त्यस्ता मानिसमा साहस, आत्मबलजस्ता गुण हुन्छन् । हामीले खेलका नियमहरूको सधैं परिपालन गर्नुपर्दछ ।

शब्दार्थ

स्नायु – नशाहरू
फूर्ति – शरीरको हलुको पन
कान्ति – अनुहारमा देखिने चमक
अन्तरराष्ट्रिय – राष्ट्र राष्ट्र बीच हुने
मांसपेशी – मासु भरिने ठाउँ
श्वासप्रक्रिया – सास फेर्ने क्रम
शैक्षिक – शिक्षाको
सबल – बलियो

अभ्यासः

(क) खेलकूदले शरीरका कुनकुन भागमा व्यायाम पुग्दछ ?
(ख) राष्ट्रिय खेलकूद परिषद्को स्थापना किन भएको हो ?
(ग) खेलकूदमा भाग लिंदा ख्याल राख्नुपर्ने नियम के के हुन् ?

(घ) खेलाडीले पालन नगरी नहुने सामान्य नियमहरूको बारेमा छोटकरीमा लेख ।

(ङ) नियमको पालन गर्ने मानिसमा कस्ता गुण हुन्छन् ?

खाली ठाउँ भर

(क) खेलकूदबाट . . . . . .फूर्ति र . . . . . प्राप्त हुन्छ ।

(ख) हामीले स्वास्थ्यलाई . . . . . बनाउनुपर्छ ।

(ग) खेलकूदका . . . . . नियमहरू हुन्छन् ।

(घ) हामीले खेलमा . . . . . बन्नुपर्छ ।

(ङ) नियमको पालन गर्नेलाई सबैले . . . . . गर्दछन् ।

वाक्यमा प्रयोग गर

मांसपेशी, कान्ति, उद्देश्य, परिपालन, सह्राहना ।

४. खेलमा किन नियमको पालन आवश्यक हुन्छ ? कारण खुलाई लेख ।

भाग तीन

सामाजिक व्यवहार

पाठ एक

हामी र हाम्रो विद्यालय

हाम्रो विद्यालय सरस्वतीको मन्दिर हो । यो हामी सबैलाई ज्ञानको उज्यालो दिने विद्याको पवित्र मन्दिर हो । विद्यालयले सबैको हित गर्दछ । सबैका छोराछोरीले यहींबाट शिक्षा पाउँछन् । त्यसैले समाजका प्रत्येक सदस्यसँग विद्यालयको नाता जोडिएको हुन्छ । यसमा भएका सबै सरसामानहरू समाजका साझा सम्पत्ति हुन् । तिनको हानिनोक्सानीले समाजका हरेक परिवारको हानिनोक्सानी हुन्छ । त्यसैले हामी सबै मिलेर यसको रक्षा गर्नुपर्दछ ।

हामी यही विद्यालयमा भेला भएर सरस्वतीपूजा समारोह मनाउँछौं। श्री ५ को शुभजन्मोत्सव, राष्ट्रिय प्रजातन्त्र दिवस, संविधान दिवस जस्ता सबै राष्ट्रिय पर्व हामी यहाँ भेला भएर मनाउँछौं। बुद्धजयन्ती, कृष्ण जन्माष्टमी, शिवरात्रि, रामनवमीजस्ता धार्मिक पर्वहरूको आयोजना हामी यहीं गर्दछौं। देशको विकासको निम्ति चाहिने उपयोगी शिक्षा हामी सबैलाई विद्यालयबाटै प्राप्त हुन्छ।

हाम्रो गाउँघरमा विद्यालय भएन भने अशिक्षाको अँध्यारोले समाजलाई छोप्तछ। कसैले पनि शिक्षा लिने मौका पाउँदैनन्। देशको विकास रोकिन्छ। हामीले हाम्रो देश नेपाललाई चाँडै विकासतिर लम्काउनु परेको छ। शिक्षाविना देशको विकास गर्न सकिंदैन। त्यसैले विद्यालय हाम्रो ठूलो सम्पत्ति हो। यसका हरेक सामानको हिफाजत गर्नु हाम्रो कर्तव्य हो।

विद्यालयको कार्यालयमा विभिन्न उपयोगी सरसामानहरू राखिएका हुन्छन्। टेबुल, मेच, दराज, मसीदानी, कलम, पुस्तक आदि। ती सबै सामानहरूको हामीले राम्रो हिफाजत गर्नुपर्दछ। त्यसै गरी कक्षाकोठामा कालो पाटी, चक, किताब, कलम, मसीदानी आदि सामान राखिएका हुन्छन्। तिनको पनि हामीले सुरक्षा गर्नुपर्दछ।

टेबुल, मेच, दराज आदि सामानको तोडफोड गर्नुहुँदैन। कलम, मसीदानी आदिलाई खसाल्ने, फुटाउने आदि गर्नुहुँदैन। भित्तामा सिंगान दल्ने, फोहोर पार्ने, लेख्ने-कोर्नेजस्ता कोठाको स्वच्छतालाई बिगार्ने काम गर्नुहुँदैन।

कक्षामा हामीले समयमै पुग्नुपर्छ। कक्षामा बसिरहेको बेलामा शिक्षक आउनुहुँदा उठेर उहाँको सम्मान गर्नुपर्दछ। विद्यार्थीहरूको हितको निमित्त विद्यालयले बनाएका नियम र अनुशासनको पालन गर्नुपर्दछ। कक्षा शुरू हुनुभन्दा अगि विद्यालयमा हुने सामूहिक प्रार्थनामा सधैं हाजिर

हुनुपर्दछ । शिक्षकले सहयोग माग्नुभएको बेला हामीले आदरपूर्वक सहयोग गर्नुपर्छ । गुरुहरूलाई हामीले सम्मान गर्नुपर्दछ । गुरुहरूप्रति गरिने आदरले हाम्रो आफ्नै भलो हुन्छ । विनयी मानिसलाई सबैले प्रशंसा गर्दछन् । विद्यालयपरिवारलाई हामीले आफ्नै परिवार सम्झनुपर्छ । विद्यालयका कर्मचारीहरूसँग अनुशासित भएर व्यवहार गर्नुपर्दछ । विद्यालयबाट हामीलाई शिक्षा प्राप्त हुन्छ । हामीले पनि विद्यालयको हित हुने काम गर्नुपर्दछ । आफ्नो विद्यालयको भलो गर्ने विद्यार्थी नै असल विद्यार्थी मानिन्छ ।

हाम्रो विद्यालयमा समयसमयमा विभिन्न उत्सव, समारोहहरू आयोजित भइरहन्छन् । ती समारोहहरूमा हाम्रा देशका प्रतिष्ठित मान्यजनहरू, हाम्रा अतिथि भएर आउनुहुन्छ । उहाँहरूलाई हामीले विनम्रतासाथ स्वागत र सहयोग गर्नुपर्दछ । यस्तो बेलामा पिउन, पालेको मुख नहेरी आफैं काम गर्न तयार हुनुपर्दछ । विद्यालयमा हाम्रा धेरै साथीहरू हुन्छन् । तिनीहरूसित हामीले मिलेर काम गर्नुपर्दछ । कक्षाकोठामा र कक्षाकोठा बाहिर पनि हामीले साथीहरूलाई मद्दत गर्नुपर्दछ । विद्यालयमा कुनै कार्यक्रमको आयोजना भएको बेला हामीले साथीहरूसित मिलेर काममा एक अर्कालाई मद्दत गर्नुपर्दछ । एकथरी काम एउटाले, अर्कोथरी काम अर्काले गरेर आपसमा बाँडेर गरयो भने काम गर्न पनि सजिलो हुन्छ र विद्यालयको समारोहमा पनि राम्रो मद्दत पुग्दछ ।

विद्यालय हाम्रो भविष्य सुधार्ने पवित्र संस्था हो । हामीले अनुशासित भएर परस्पर मिलेर विद्यालयको उन्नतिमा सहयोग पुरयाउनुपर्दछ । हाम्रो विद्यालयलाई हामीले सधैं प्यारो गर्नुपर्दछ ।

शब्दार्थ

हिफाजत – सुरक्षा
विनयी – नम्र
अतिथि – पाहुना
उपयोगी – कामलाग्ने

अभ्यास

१. उत्तर देऊ

(क) विद्यालयबाट कसले शिक्षा पाउँछन् ?
(ख) गाउँघरमा विद्यालय नभए के हुन्छ ?
(ग) कक्षाकोठामा के राखिएका हुन्छन् ?
(घ) कस्तो विद्यार्थी आदर्श मानिन्छ ?
(ङ) काम गर्न कसरी सजिलो हुन्छ ?

२. खाली ठाउँ भर

(क) देशविकासको निम्ति चाहिने ····· हामी सबैलाई ··· प्राप्त हुन्छ ।
(ख) शिक्षक आउँदा ····· सम्मान गर्नुपर्छ ।
(ग) विद्यालयमा समय–समयमा ····· आयोजित भइरहन्छन् ।

३. शब्द प्रयोग गर

सरसामान, हिफाजत, मसीदानी, अनुसाशित, विनम्रता ।

पाठ दुई

सामूहिक जीवन र शिष्ट व्यवहार

अनुशासित भएर गरिने असल व्यवहारलाई शिष्ट व्यवहार भनिन्छ। शिष्ट व्यवहार मानिसको भूषणहो । कुनै मानिस कति समझदार र सभ्य रहेछ भन्ने बुझ्नुपर्‍यो भने उसमा कत्तिको शिष्ट व्यवहार छ भन्ने कुरा हेरे पुग्दछ। समाजमा विभिन्न कुरालाई लिएर सामूहिक भेलाहरू हुने गर्दछन्। यस्तो बेलामा मानिसको योग्यता, गुण र स्वभाव उसले देखाउने शिष्ट व्यवहारबाट स्पष्ट हुन्छ ।

सामूहिक भेलामा जाँदा धेरै कुरा ख्याल गर्नुपर्दछ । त्यहाँ मानिसको मर्यादा अनुसार बस्ने ठाउँको प्रबन्ध गरेको हुन्छ। ठूलो

ओहदाका प्रतिष्ठित मानिसहरू बस्ने सीट अलग्गै राखिएको हुन्छ। त्यस्तो बेलामा राम्ररी बुझेर आफ्नो निम्ति सुहाउँदो सीट कहाँ छ त्यो हेरेर मात्र बस्नुपर्छ। नत्र जथाभावी गएर ढसमस्स बसिदियो भने पछि व्यवस्थापकले आएर उठाउँदा नउठी हुँदैन। अरू सीट पनि सकिएका हुन्छन्। बस्न पाइँदैन। "कसैले तपाईं भनोस् कि नभनोस् आफैं मपाईं पो हुँदो रहेछ" भनेर सबैले गिल्ली गर्दछन्। आफू असभ्य हुन पुगिन्छ। सीट नभएर बूढाबूढी र आइमाइले बस्न पाएनन् भने आफूले उठेर सीट दिनुपर्दछ। आफू बसिरहेका बेला गुरुजन, मान्यजन आइपुगे भने उठेर ठाउँ दिनुपर्दछ। सामूहिक भेलामा जाँदा जो जुन तहको हुन्छ, त्यही अनुसार नमस्कार आदि गर्नुपर्दछ। ठूलाबडा छन्, मान्यजन छन् भने विनम्रतासाथ नमस्कार गर्नुपर्दछ। आफ्ना दौंतरी साथीभाइहरू छन् भने हँसिलो मुखले हात उठाएर शिष्टाचार गरे हुन्छ।

सभा भइरहेको बेला कुनै कुरामा छलफल भइरहेको छ, कसैले केही कुरा भनिरहेको छ भने शान्त भएर सुन्नुपर्दछ। होहल्ला गरेर सभाको कार्यक्रममा बाधा पार्नुहुँदैन।

गाउँघरमा सामूहिक भलाइको कुनै काम हुन लागिरहेको बेला आफू पुगियो भने आफूले पनि केही सहयोग गर्नुपर्दछ। भनौं न, मानिसहरू जम्मा भएर बाटो खन्न लागिरहेका छन्, सफाइ अभियानमा भाग लिन लागिरहेका छन् भने आफूले पनि त्यस्तो बेलामा केही मद्दत गर्नुपर्छ। त्यस्तो बेलामा हात बाँधेर टुलुटुलु हेरिरहने मानिसलाई "कस्तो अशिष्ट रहेछ" भनेर सबैले खिसी गर्छन्।

हामी काम गर्दै जाँदा कहिलेकाहीं ठूलाठूला भीडमा पनि पुग्दछौं। सबैलाई आफ्नै काम चाँडो गर्न हतार हुन्छ। त्यस्ता भीडमा लाम लागेर पालैसित काम गर्नुपर्छ। हुलाकमा टिकट लिन जाँदा, बसमा चढ्दा, कार्यालयमा शुल्क तिर्न जाँदा र यस्तै अरू भीडमा गर्नुपर्ने काम गर्दा

लाममा बसेर गर्नुपर्दछ । ठेलमठेल गर्नुहुँदैन । यस्ता भीडमा परेका बेला बूढापाका, रोगी र कमजोर मानिसहरू छन् भने तिनलाई आफू-भन्दा पहिले मौका दिएर मद्दत गर्नुपर्दछ ।

सामूहिक जीवनमा जति शिष्ट, जति अनुशासित भएर व्यवहार गरयो मानिस त्यति नै लोकप्रिय हुन्छ । शिष्ट व्यवहार गर्ने मानिसलाई सबैले मनपराउँछन् ।

शब्दार्थ

भूषण – गहना
गुरुजन – बाबु–आमा, शिक्षक–शिक्षिकाहरू
लोकप्रिय – सबैको प्यारो

अभ्यास

१. उत्तर लेख

(क) मानिसको शिष्ट व्यवहारबाट के फाइदा हुन्छ ?
(ख) सामूहिक भेलामा के बुझेर कसरी बस्नुपर्छ ?
(ग) सामूहिक भेलामा कसरी नमस्कार गर्ने ?
(घ) मानिस कसरी लोकप्रिय हुन्छ ?

२. खाली ठाउँमा उपयुक्त शब्द भर

(क) शिष्ट व्यवहार मानिसको ····· हो । (लौरो, भूषण, सम्पत्ति)
(ख) सभाको कार्यक्रममा ····· ।
(बाधा पार्नुपर्छ, हल्ला गर्नुपर्छ, बाधा पार्नुहुँदैन)

(ग) सामूहिक कार्यक्रममा ····· गर्नुपर्छ ।

(सहयोग, झगडा, ठगठाग)

(घ) शिष्ट व्यवहार गर्ने ····· सबैले मनपराउँछन् ।

(कलपुर्जालाई, मानिसलाई, जोगीलाई)

३. वाक्यमा प्रयोग गर

भेला, जथाभावी, ढसमस्स, छलफल, अभियान ।

४. सामूहिक भेलामा जाँदा कसरी बस्ने, वर्णन गर ।

५. भीडभाडमा पुग्दा कसरी व्यवहार गर्नुपर्दछ, लेख ।

पाठ तीन

अरूप्रति शिष्ट व्यवहार

अरूप्रति गरिने व्यबहारबाट मानिसको स्वभाव, शिष्टता, योग्यता, सबैथोक थाहा हुन्छ । सामाजिक प्राणी भएको हुनाले मानिसले अरूसित असल व्यवहार गर्नुपर्छ । शिष्ट व्यवहारबाटै अरूसितको असल सम्बन्ध कायम रहन सक्तछ । मानिस अरूप्रति जति शिष्ट व्यवहार गर्न जान्ने हुन्छ त्यति मानिस गाउँघर, छरछिमेकमा अरूको प्रिय हुन्छ । जो अरूसित शिष्ट व्यवहार गर्दछ त्यस्तालाई नै पढेलेखेको मानिस, बुद्धिमान मानिस र ज्ञानी मानिस भनिन्छ । जसले पढेर लेखेर पनि अरूप्रति शिष्ट व्यवहार गर्न जानेको हुँदैन त्यसको पढाइ लेखाइ के कामको हुन्छ र ?

संसारका सबै धर्मले भनेका छन् अरूप्रति असल व्यवहार गर । हिन्दू-धर्मले त यसमा अझ बढी बल दिएको छ । "जुन जुन कुरा आफूलाई नराम्रो लाग्दछ, त्यो कुरा अरूप्रति कहिल्यै नगर" भनेर हाम्रो धर्मले भनेको छ । "आफूलाई कसैले गालि गरिदियो भने मनमा चस्स बिझ्दछ । त्यसैगरी गालि अरूलाई पनि बिझ्दछ । त्यसैले अरूलाई गालि नगर । आफ्नो कुनै सामान कसैले चोरिदियो वा खोसिदियो भने आफूलाई साह्रै नराम्रो लाग्दछ । त्यस्तै अरूलाई पनि लाग्दछ । त्यसैले अरूप्रति त्यस्तो काम नगर । आफूलाई चोटपटक लाग्यो भने दुख्तछ । त्यसैगरी अरूलाई पनि दुख्दछ । त्यसैले अरूलाई दुख्ने काम नगर" । यो हाम्रो धर्मको शिक्षा हो । हामीले अरूको हानिनोक्सानी हुने, अरूलाई चोटपटक लाग्ने, अरूको चित्त दुखाउने काम कहिल्यै गर्नुहुँदैन ।

बोलीवचन र व्यवहार दुवैले अरूलाई कुभलो हुने र मनमा बिझ्ने काम गर्नुहुँदैन । अरूसित व्यवहार गर्दा असल व्यवहार गर्नुपर्दछ । असल व्यवहार र मीठो बोलीले मानिस संसारलाई आफ्नो बनाउन सक्दछ । असल मानिस र खराब मानिस बोली व्यवहारबाटै छुट्टिन्छन् । बोल्नुभन्दा पहिले अरूलाई बिझ्ने नहोस् भनेर ख्याल गर्नुपर्दछ । कुनै काम गर्न लाग्दा यसबाट अरूलाई कस्तो असर पर्दछ, त्यो राम्ररी सोच्नुपर्दछ । यो असल मानिसको लक्षण हो । "अरूलाई नराम्रो परे परोस् आफूलाई राम्रो भए भइगयो" भनेर अरूप्रति नराम्रो गर्ने मानिस नै खराब मानिस कहलाउँछ ।

हामीले आफ्नो विद्यालयका साथीहरूदेखि लिएर गाउँघर छरछिमेकका सबै मानिसहरूसित व्यवहार गर्दा शिष्ट व्यवहार गर्नुपर्दछ । अरूसित व्यवहार गर्दा तल लेखिएका कुराहरूलाई ख्याल नराखी हुँदैन ।

१. बोल्दाखेरि अरूको अपमान हुने गरी कटु वचन बोल्नुहुँदैन । उत्तेजित नभई, नहडबडाई शान्तिसाथ मीठा कुरा बोल्नुपर्दछ ।

२. आफ्नो कामको निमित्त अरूसित लिएको ऋण, सापट समयमै बुझाउनु-पर्दछ। समयमै अरूको ऋण फिर्ता दिने मानिस अरूको विश्वासपात्र हुन्छ।

३. स्वीकृतिविना अरूको चीज लिनुहुँदैन। अरूको कुनै कुरा फेला परेमा जसको हो उसैलाई पुऱ्याइदिनुपर्छ।

४. आफ्नो हितको काम गर्दा अरूको हितको पनि ख्याल गर्नुपर्दछ। जो अरूको हित हुने काम गर्दछ त्यसलाई परोपकारी मानिस भन्दछन्।

५. अरूले आफूसित सहयोग माग्न आएका बेला रूखो जवाब नदिई यथा-शक्ति सहयोग गर्नुपर्दछ। दुःखीले, रोगीले हामीसँग सहयोग मागेमा हामीले अवश्य सहयोग गर्नुपर्दछ।

माथि लेखिएका कुरामा ध्यान पुऱ्याएर व्यवहार गरेमा शिष्ट व्यवहार हुन्छ र शिष्ट व्यवहारदेखि सबै प्रसन्न हुन्छन्।

शब्दार्थ

शिष्ट	– अनुशासित
कटु	– नमीठो
उत्तेजित	– झोंक्किएको
विश्वासपात्र	– पत्याउँदो
परोपकारी	– अरूको हित गर्ने

अभ्यास

१. उत्तर लेख

(क) कस्तो मानिस अरूको प्रियहुन्छ ?

(ख) हाम्रो धर्मले के भनेको छ ?

(ग) असल र खराब मानिस कसरी छुट्टिन्छन् ? उदाहरण दिई लेख ।

(घ) कुनै काम गर्दा के सोच्नुपर्छ ?

(ङ) कस्तो व्यक्तिदेखि सबै प्रसन्न हुन्छन् ?

२. ठीक वाक्यमा √ चिन्ह लगाऊ

(क) शिष्ट व्यवहारबाट सम्बन्ध बिग्रन्छ ।

(ख) अरूको चित्त दुख्ने काम गर्नुहुँदैन ।

(ग) स्वीकृतिविना अरूको चीज लिनहुँदैन ।

(घ) अरूको सहयोग गर्नुहुँदैन ।

(ङ) बोल्नुभन्दा पहिले ख्याल गर्नुपर्छ ।

३. वाक्यमा प्रयोग गर

शिष्ट, गाली, चोटपटक, अपमान, स्वीकृति ।

४. शिष्ट व्यवहारका पाँच वटा मूल आधारहरूको राम्ररी वर्णन गर ।

पाठ चार

निर्धारित समयमा काम

निर्धारित समयमा काम गर्ने बानी साह्रै राम्रो गुण हो । निर्धारित समयमा आफूले गरिसक्नु पर्ने काम गरयो भने मानिस अरूको सामु पछि पर्दैन । कुनै काम पनि पछिको लागि बाँकी रहँदैन । त्यसैले दिनैपिच्छे कामको बोझ हलुको हुन्छ । गर्नुपर्ने काम भरे गरौंला, भोलि गरौंला भनेर सोच्यो भने कामको बोझ थपिन्छ । गर्नुपर्ने काम छुट्छ । कक्षामा अरूभन्दा पछि परिन्छ । कहिलेकाहीं त चिताउँदै नचिताएको धोकामा परिन्छ ।

रमा र विनोद दिदीभाइ थिए । दुवै मनोहर माध्यमिक विद्यालयमा पढ्दथे । रमा ६ कक्षामा पढ्दथी । विनोद चाहिं ५ कक्षामा पढ्दथ्यो । दुवै आपनो पढाइमा लगनशील थिए । विद्यालयबाट फर्केर आएपछि विद्यालयको पोसाक फेर्दथे । आमाले खाजा ठिक्क पारिदिएकी हुन्थिन् । खाजा खाएर

उनीहरू खेल्न जान्थे । साँझतिर खेलिसकेर घरमा फर्किन्थे । अनि बेलुकीको खाना खाई शिक्षकले दिएकौ घरको काम गर्दथे । आज गर्नुपर्ने कामलाई भोलि गरौंला भनेर उनीहरू कहिल्यै बाँकी राख्तैनथे ।

रमा भाइलाई माया गर्दथी । केही गरी विनोदले गृहकार्य बिर्सिन लाग्यो भने रमा संझाईकन उसलाई गर्न लगाउँथी । कक्षामा सधैं आफ्नो गृहकार्य निर्धारित समयमा गरेर ल्याउने विद्यार्थी भनी उनीहरूले विद्यालयमा ख्याति पाएका थिए ।

एक दिन उनीहरूको घरमा पाहुना आए । रामेछापबाट धेरै वर्षपछि उनीहरूका मामा-माइजू आइपुगेका थिए । बेलुकीको खानापछि रमा र विनोद गृहकार्य गर्न भनेर लागेका थिए । मामा-माइजू आएर आफ्ना प्यारा भान्जा भान्जीको पढाइबारे कुराकानी गर्न लागे । राम्ररी पढ्दै कक्षैपिच्छे राम्रा अङ्क ल्याएर उत्तीर्ण हुँदै गएको देखेर मामा-माइजूले रमा र विनोदको प्रशंसा गरे । मिठाइ खान दिए । त्यस दिन मामा-माइजूको प्रशंसा र मीठा मीठा कुरा सुनेर रमा र विनोद मख्ख परे । कुरा चल्दै गए । उनीहरू त्यसैमा अल्मलिए । एकैछिनपछि निद्रा लाग्न थाल्यो । रमा त शिक्षकले दिएको गृहकार्य आजै नसकी हुन्न भनेर लेख्न लागेकी थिई । तर विनोदले भन्यो– "दिदी ...! म त भोली बिहान गर्छु । ज्यादै निद्रा लाग्यो ।" यति भनेर

विनोद सुत्न गयो । सँगै लेख्ले–पढ्ने भाइ सुत्न गएको देख्दा रमाको पनि जाँगर मरेर आयो । उसले पनि "आज भइगो । भोलि नै गरूँला"–भनेर सुत्न जाने विचार गरी त्यो दिन दुवैको गृहकार्य पूरा हुन सकेन ।

भोलिपल्ट बिहान उठेर हातमुख धोई, चिया खाई सकेर उनीहरू गर्नुपर्ने गृहकार्य गर्न भनी लागे । त्यस दिन दुवैको गृहकार्य धेरै थियो । बिहान ८.३० बजे बानेश्वरमा बस आइपुग्दथ्यो । खाना खाई, लुगा लगाई, किताब कापी ठीक गर्दा निकै समय लाग्थ्यो । बस छुट्छ भनेर दुवै हतार हतार लेख्तै थिए । गर्नुपर्ने गृहकार्य नसकी जाँदा कक्षामा पछि परिने । मनमनै पीर मान्दै दुवै लेखिरहेका थिए । आमाले खाना खान ढिलो भयो भनेर हतार लगाइरहेकी थिइन् । तर काम नसकिएकोले लेख्तै जाँदा ८ बज्यो । त्यसपछि हतार हतार खाना खाएर, बिद्यालयको पोसाक लगाएर, अनि कापी किताब मिलाएर जाँदा निकै बेर लाग्यो । बस स्टपमा पुग्दा बस त आइवरी गइसकेछ । रमा र विनोदलाई हुनुसम्म पछुतो भयो । कक्षामा कहिल्यै अनुपस्थित नहुने नियमित विद्यार्थी भनी ख्याति पाएका रमा र विनोद निर्धारित समयमा काम गर्न नसक्ता त्यसै दिन गयल परे । कक्षामा हाजिर हुन सकिएन भनेर दुवैलाई पीर परयो । कक्षामा अरूभन्दा पछि परिएला भनेर दुवैले नरमाइलो माने । अघिल्लै दिन गृहकार्य सकिएको भए यस्तो हुने थिएन भन्ने उनीहरूको मनमा लागिरह्यो । त्यसदिन देखि गर्नुपर्ने काम समयमै नगरी बाँकी राख्नु हुने रहेनछ भन्ने कुरा रमा र विनोदले राम्रोसित बुझे ।

कतिखेर उठ्ने, कतिखेर हातमुख धुने, कतिखेर खाने, कति खेर खेल्ने, कतिखेर गृहकार्य गर्ने अनि कतिखेर आफ्नो पाठ पढ्ने यी सबै कुराको समय निर्धारित हुन्छ । आफ्नो काम निर्धारित समयमै गर्ने बानी भएको मानिस धोकामा कहिल्यै पर्दैन । पढाइमा यस्तै छात्रछात्राहरूले सफलता पाउँछन् ।

यति समयभित्र गरिसक्नु भनेर हामीलाई कहिलेकाहीं केही काम सुम्पिएको हुन्छ । हामीहरूले पनि निर्धारित समयमा काम गर्ने बानी बसाली त्यसरी सुम्पिएको काम निर्धारित समयभित्र गरिसक्दा काम लगाउनेको निमित्त पनि मद्दत पुग्दछ । हामीलाई पनि निर्धारित समयमा गर्नुपर्ने काम गरी सक्ता मन हलुको हुन्छ । यसरी हामी निर्धारित समयमा काम गर्न सक्ने हुन्छौं । निर्धारित समयमा काम गर्ने बानी भएको मानिसले नै संसारमा ठूलाठूला काम गरेको देखिन्छ । निर्धारित समयमा आफ्नो काम गरिनसक्ने अल्छी बानीले कस्ता कस्ता सम्रिन सक्ने मानिस पनि त्यसै बेकम्मा भएर बूढा हुन्छन् । तिमीहरूले समयको मूल्य बुझेर निर्धारित समयमा काम गर्ने बानी बसाल्नुपर्दछ । समय ज्यादै मूल्यवान् हुन्छ । मौका आउँछ पर्खिंदैन भनी बूढा-पाका भन्दछन् । गर्नुपर्ने काम समयमै गरिहाल्नुपर्दछ । कुन काम कति खेर गर्ने हो त्यो कुरा पहिल्यै तय गरेर ठीक समयमा गर्नुपर्ने काम गरिसक्नु पर्दछ । समयको मूल्य र महत्त्व नबुझ्ने मानिसले जीवनमा प्रगति गर्न सक्तैन । तिमीहरू सधैं निर्धारित समयमा काम गर्ने बानी गर ।

शब्दार्थ

निर्धारित – तोकिएको
गृहकार्य – घरमा गर्नुपर्ने पढाइ सम्बन्धी काम
लगनशील – सधैं लागिपर्ने
अनुपस्थित – गयल परेको

अभ्यास

१. उत्तर लेख

(क) निर्धारित समयमा काम नगर्दा कस्तो हानि हुन्छ ? बयान गर ।

(ख) रमा र विनोद कस्ता विद्यार्थी थिए ? वर्णन गर ।

(ग) केले गर्दा रमा र विनोदलाई धोका भयो ? कारण खुलाई लेख ।

२. **वाक्यमा प्रयोग गर**

निर्धारित, लगनशील, हाजिर

३. **ठीक बेठीक छुट्टयाई ठीक भए (√) चिन्ह र बेठीक भए (×) चिन्ह लगाऊ**

(क) निर्धारित समयमा काम गर्दा धोका हुन्छ ।

(ख) लगनशील बनेमा सफलता प्राप्त हुन्छ ।

(ग) समयको कुनै मूल्य हुँदैन ।

(घ) निर्धारित समयमा काम नगर्नाले रमा र विनोदले गयल हुनुपरयो ।

(ङ) समयको महत्त्व बुझ्ने मानिस सफल हुन्छ ।

४. **खाली ठाउँमा उपयुक्त शब्द भर**

(क) हामीले निर्धारित ..... मा काम गर्नुपर्दछ । (समय, कुरा, बेहोरा)

(ख) समयको मूल्य बुझ्ने मानिस ..... हुन्छ । (विफल, सफल, अबुझ)

(ग) सुत्ने, उठ्ने, खाना खाने.....निर्धारित हुन्छ । (रात, दिन, समय, साँझ)

(घ) मौका आउँछ पर्खिदैन भनी ..... भन्दछन् (केटाकेटी, विदेशी, बूढापाका)

(ङ) निर्धारित समयमा काम नगर्दा ..,..... हुन्छ (फाइदा, धोका, सफलता)

५. समयको महत्त्व बारे केही वाक्य लेख ।

पाठ पाँच

गोपनीयता

कुनै पनि खुलस्त गर्न नहुने कुरालाई गोपनीय भनिन्छ । आफ्नो वा अरूको कुनै गोप्य कुरा वा वस्तुलाई अरूका सामु नखोली छिपाइराख्नु गोपनीयता हो । गोपनीयता साह्रै ठूलो गुण हो । अरूको रहस्यको कुरालाई गोप्य नराखी खोलिदिनाले कहिलेकाहीं साह्रै नराम्रो परिणाम निस्किन्छ । मानिसले ठूलाठूला काम गोप्य तवरले गर्न आँटेको हुन्छ । परन्तु बीचैमा त्यसलाई खोलिदिंदा हुन लागेको काम भताभुङ्ग हुन्छ । यस्तो हुँदा-खेरि मानिसलाई साह्रै मर्का पर्दछ । यसरी ख्यालै नगरी अर्काको गोप्य कुरा खोलिदिनाले कतिकति मित्रहरू शत्रु बन्न पुगेका घटनाहरू समाजमा घटिरहन्छन् ।

अरूका गोप्य कुरा खोलेर हेर्ने र अरूलाई भनिदिने कुनै कुनै मानिसको नराम्रो बानी हुन्छ । यस्तो बानी गरचो भने मानिस साह्रै नै अप्रिय हुन्छ । त्यस्तालाई सबैले नपत्याउँदो मान्दछन् । मित्रहरूको निम्ति नपत्याउँदो हुनु-

जस्तो दुःखको कुरा अरू हुँदैन । किनभने नपत्याउँदो भएपछि मित्रहरूले साथ छोडिदिन्छन् । मानिस दुई कौडीको रहँदैन । "फलानोको त पेटमा कुरै अड्दैन" भनेर मानिसहरू त्यस्ताको कुरा काट्छन् ।

हामीले अरूको गोप्य कुरा खोलिदिएर उनीहरूलाई असजिलोमा पारिदिनु हुँदैन । मानिसले आफू असल मित्र बनेर आफ्ना अरू मित्रहरू बढाउँदै लैजानुपर्दछ । मित्रहरू बढाउनमा पत्याउँदो हुनु अत्यावश्यक हुन्छ । गोपनीयताको ख्याल गर्नाले मात्र हामी पत्याउँदो भएर मित्रहरू बढाउन सक्तछौं । विद्यालयका कुनै शिक्षक अथवा कर्मचारीलाई कसैले पठाएको पत्र छ भने त्यो नखोलीकन सुरक्षित रूपले बुझाइदिनुपर्छ । कार्यालयमा कसैलाई पत्र लेखिन लागेको बेला गएर अनावश्यक चियो गर्ने र मित्रको कुरा कसै-कसैलाई भन्ने गर्नुहुँदैन । यसो गर्दा गोपनीयता भङ्ग भई विद्यालयको काममा बाधा पुग्दछ ।

गोपनीयता बारे दुइटा कुरामा विशेष ध्यान दिनुपर्दछ । एउटा अरूले गरेको गोप्य कुरालाई गोप्यै राखिदिनु र अर्को डाँकपत्रलाई नखोलीकन जसको हो उसैकोमा सुरक्षित रूपले पुऱ्याइदिनु । कहींबाट आफ्नो नाममा आएको डाँकपत्र बीचैमा खुलेको देख्यो भने पत्र पाउने मानिसलाई साह्रै नराम्रो लाग्छ । पत्रमा कति कति विश्वासका गोप्य कुरा लेखिएका हुन्छन् । तो कुरा बीचैमा खुल्न जाँदा मानिस अत्यन्त दुःखी हुन्छ । यसरी अरूलाई दुःखी र चिन्तित तुल्याउने काम बुद्धिमान मानिसले कहिल्यै गर्नुहुँदैन । मित्रता बढाउन चाहनेले त यस्ता कुरा झन् मनमा पनि लिनुहुँदैन । असल मित्रको लक्षणमा "मित्रको गोप्य कुरालाई छिपाइराखिदिनु" पनि पर्दछ । आदर्श मित्रको लक्षणलाई हामीले सधैं ध्यान दिनुपर्दछ ।

गोपनीयता भंग गर्नु नियमकानूनमा अपराध मानिएको छ । सरकारी कामकाजमा गोपनीयता भंग गर्ने मानिसलाई कडा सजायदिइन्छ । सर-कारी कामकाजबारे भइरहेको गोप्य कुरा अथवा डाँकपत्रको रहस्य

अरूप्रति खोलिदिएर गोपनीयता भंग गर्ने मानिस देशकै निम्ति अपराधी ठहर्छ । त्यसैले गोपनीयता बचाइराख्ने काममा हामीले सधैं ध्यान दिनुपर्दछ । सानो कुरा भनिठानेर हेलचेक्र्याइँ गर्नुहुँदैन । "सियो चोर्नेले फाली चोर्छ, फाली चोर्नेले घर फोर्छ" भन्ने उखान अनुसार सानो कुराबाट बानी बिग्रिंदै गएमा पछि ठूलाठूला नराम्रा काम पनि मानिस गर्न थाल्दछ । पहिले सानो सानो कुरामा गोपनीयता भंग गर्ने मानिसले एकदिन देशकै गोप्य कुरा खोलेर देशद्रोहको काम पनि गर्न सक्तछ । त्यसैले यस्तो दुर्गुणबाट पहिल्यै बच्नुपर्छ । गोपनीयता पालन गरेमा तल लेखिएका फाइदाहरू हुन्छन् :–

१. मित्रता टुट्न पाउँदैन ।
२. अरूको पत्याउँदो हुन सकिन्छ ।
३. अपराधबाट बच्न सकिन्छ ।
४. आफूमा असल गुणको विकास हुन्छ ।
५. देशद्रोहबाट बचिन्छ ।

शब्दार्थ

परिणाम – फल
तवर – तरीका
बुद्धिमान् – बुद्धि भएको
देशद्रोह – देशको कुभलो
अत्यावश्यक – ज्यादै जरूरी
दुर्गुण – नहुने काम, खराब बानी

अभ्यास

१· उत्तर लेख

(क) गोपनीयता केलाई भनिन्छ ?

(ख) मानिसहरू कस्ताको कुरा कसरी काट्छन् ?

(ग) बुद्धिमान् मानिसले कस्तो काम गर्नुहुँदैन ?

(घ) कस्तो मानिसलाई सजायँ दिइन्छ ?

(ङ) हामीले केमा ध्यान दिनुपर्छ ?

२· खाली ठाउँमा ठीक शब्द छानेर भर

(क) मानिसले.....काम गोप्यरूपले गर्न आँटेको हुन्छ। (मामूली, महत्त्वपूर्ण, घिनलाग्दो)

(ख) अरूको .....कुरा खोल्नहुँदैन। (सजिलो, गोप्य)

(ग) सानो कुरा भनेर.....गर्नहुँदैन। (तिरस्कार, हेलचेक्र्याइँ, फूर्ति फार्ति)

(घ) मानिस ..... मित्र बन्नुपर्दछ। (असल, सजीलो, चंचल)

(ङ) गोपनीयता.....हुँदैन । (लुकाउनु, भंगगर्नु, देखाउनु)

३· वाक्यमा प्रयोग गर

गोपनीयता, अत्यावश्यक, भङ्ग, दुर्गुण ।

४. गोपनीयता पालन गरेर हुने पाँच फाइदाहरूको व्याख्या गर ।

पाठ छ

सुग्घरी बानी

परमपिता परमेश्वरप्रति आस्था राख्नु नै मानवजीवनको पहिलो गुण हो । त्यसपछि सबैभन्दा ठूलो गुण सुग्घरीपना हो भनी विद्वानहरू भन्दछन् । सुग्घरीपना भएमा हामी स्वयं सुन्दर रहेर वरिपरिको वातवरण पनि सुन्दर बनाउँन सक्तछौं । हामीले यसको निमित्त फोहरीपना छोड्नुपर्दछ । एकथरी मानिसमा जथाभावी फोहर गर्ने साह्रै नराम्रो बानी हुन्छ । जथाभावी दिसा-पिसाब गर्नु, आँगन, बाटो, मन्दिर, पाटीपौवा केही नभनी जहाँतही फोहोर गर्नु जस्तो नराम्रो बानी मानिसमा बसेको हुन्छ । यस्तो खराब बानीले व्यक्ति र परिवारलाई मात्र होइन पूरै समाजलाई हानि पुर्‍याउँछ । जथाभावी फोहोर मैला गर्नाले रोगका किटाणुहरू जहाँतहीं फैलिन्छन् र हामीलाई रोग सर्दछ । त्यसैले जथाभावी फोहोर गर्ने बानीलाई हामीले छोड्नुपर्छ । सुग्घरी बानी बढाउनुपर्दछ । हमीले तल लेखिएका कुराको सधैं पालन गर्नुपर्दछ ।

१. शौचालयमा मात्र दिसापिसाब गर्ने

शौचालय मानिसको निम्ति नभई नहुने वस्तु हो । मानिस सभ्य प्राणी हो । उसमा सभ्यता हुन्छ । पशुमा सभ्यता हुँदैन । त्यसैले ऊ जहाँतहीँ दिसापिसाब गर्दछ । मानिसमा सभ्यता हुन्छ, त्यसैले उसलाई शौचालय चाहिन्छ । शौचालय मानिसको निम्ति अनिवार्य कुरा हो । घर हुनु जति आवश्यक छ शौचालय हुनु सभ्य मानिसहरूको निम्ति त्यति नै आवश्यक छ। त्यसैले जहाँतहीँ दिसापिसाब गर्नुहुँदैन । एउटा निश्चित ठाउँमा शौचालय बनाएर त्यहीँ मात्र दिसापिसाब गर्ने गर्नुपर्दछ ।

२. निश्चित ठाउँमा सिंगान, खकार फाल्ने

सिंगान आउने बित्तिकै हातले ढोकाको पर्दामा पुछ्ने, भित्तामा दल्ने बानी साह्रै नराम्रो हो । कफ, थूक, खकार जथाभावी फाल्दै थू थू गरेर आँगन, कोठा, चोटा फोहोर पार्नुहुँदैन । यस्तो बानी छोडेर एउटा निश्चित ठाउँमा टीन, बाल्टी अथवा अरू नै कुनै भाँडो राखी त्यसमा खरानी वा माटोले भरेर त्यसमा थुक्ने गर्नुपर्दछ । भरिएपछि त्यसलाई निश्चित ठाउँमा खनेको खाडलमा फाल्ने गर्नुपर्दछ ।

३. फाल्तू चीजहरू निश्चित ठाउँमा फाल्ने

फलफूलका बोक्रा, बढारेको कसिंगर, भान्सा घरको जूठो, पातपतिंगर र कागजका टुक्राटाक्रीहरू जस्ता फाल्तू चीजहरू निश्चित ठाउँमा खाडल खनी त्यहीँ लगेर फाल्ने गर्नुपर्दछ । यसो गर्दा एकातिर रोगका किटाणुहरूको फैलावट रोकिन्छ । अर्कातिर बारीको बालीनालीको निमित्त त्यसबाट राम्रो मल पनि तयार हुन्छ ।

४. सार्वजनिक ठाउँको विशेष स्याहार गर्ने

सार्वजनिक ठाउँहरू धर्मशाला, पाटीपौवा, मठमन्दिर, बगैंचा, तलाऊ जस्ता सार्वजनिक ठाउँहरू समाजका साझा सम्पत्ति हुन्। यिनमा हामीले स्वयं पनि फोहोर मैला गर्नुहुँदैन र अरूलाई पनि गर्न दिनुहुँदैन। त्यस्तो ठाउँमा दिसापिसाब र अरू फोहोर मैला गर्नाले त्यसबाट समाजलाई ठूलो हानि हुन्छ। बाहिरबाट आउने हाम्रा विदेशी अतिथिहरूमा नराम्रो प्रभाव पर्दछ। हामीले आफ्नो घर र विद्यालयलाई सधैं स्वच्छ राख्नुपर्दछ। भित्ता-हुँदो जथाभावी लेख्नुहुँदैन। जहाँपायो उहीं थुक्नुहुँदैन। कागज, फलफूलका बोक्रा जथाभावी फाल्नुहुँदैन। घर र विद्यालयलाई सफा र स्वच्छ राख्न सकेमा हामी असल मानिस कहलाउन सक्छौं।

आफूमा सुग्घरी बानी बढाई यी माथिका कुराहरूमा ख्याल राखेर हामीले वरपर सबैतिर स्वच्छ राख्नुपर्दछ।

अभ्यास

१. उत्तर लेख

(क) मानिसमा कस्तो नराम्रो बानी बसेको हुन्छ ?

(ख) जथाभावी फोहोर मैला गर्दा के हुन्छ ?

(ग) शौचालय किन चाहिन्छ ?

(घ) फाल्तू चीजहरू कसरी फ्याँक्नुपर्छ ?

(ङ) सार्वजनिक ठाउँहरू समाजका के हुन् ?

२. खाली ठाउँ भर

(क) सुग्घरीपनाको लागि ..... छोड्नुपर्छ।

(ख) जहाँतहीं ..... गर्नुहुँदैन।

(ग) थूक, खकारलाई ..... थुक्ने गर्नुपर्छ।

(घ) सार्वजनिक ठाउँमा .... फोहोर मैला गर्नुहुँदैन ।

(ङ) हामीले ..... स्वच्छ राख्नुपर्दछ ।

३. **वाक्यमा प्रयोग गर**

एकथरी, जथाभावी, निश्चित, फैलावट, अतिथि ।

४. सुग्घरी हुनाका निमित्त पालन गर्नुपर्ने कुरा के के हुन् ? लेख ।

५. घर र विद्यालयलाई स्वच्छ र सफा राख्न हामीले कुन कुन कुरा गर्नुहुँदैन, खुलाई लेख ।

पाठ सात

कृतज्ञता

समाजमा जिउनुपर्ने हुनाले हामीले छरछिमेकी र इष्टमित्रहरूसंग सहयोगको आदान प्रदान नगरी हुँदैन । परेको बेला कहिलेकाहीं आफूले अरूलाई मद्दत गर्नुपर्छ र कहिलेकाहीं अरूबाट मद्दत लिनुपर्ने हुन्छ ।त्यसैगरी अरूबाट पाइने मद्दतको निमित्त हामीले मद्दत गर्ने मानिसहरूप्रति आभार जनाउनुपर्दछ । आभार शब्दले अरूले लाएको गुनप्रति आफू ऋणी भएको भाव जनाउँछ ! अरूले गरेको मद्दतको कदर गर्दै त्यसको निमित्त आभार प्रकट गर्नु र त्यस उपकार गर्नेप्रति आफूले पनि उपकार गर्नुलाई कृतज्ञता भन्दछन् । कृतज्ञताको भावना जहाँ हुन्छ त्यहाँ आफूलाई मद्दत गर्नेलाई म पनि केही मद्दत अवश्य गर्दछु भन्ने भावना हुन्छ ।

कृतज्ञताको ठीक उल्टो कृतघ्नता हुन्छ । अरूले गरेको उपकारलाई बिर्सिनु र परेको बेला पनि आफूलाई मद्दत गर्नेप्रति केही मद्दत नगर्नु कृत-

घ्नता हो। कृतज्ञताले मानिसको अरूसितको सम्बन्ध राम्रो हुन्छ। कृतज्ञ मान्छे सबैलाई प्यारो लाग्दछ। "आँखामा हाले पनि नबिझाउने" भनेर यस्तै कृतज्ञताको स्वभाव भएको मानिसलाई भन्दछन्। कृतघ्नता भएको मानिसचाहिं कसैलाई मनपर्दैन। "रूखो र ठाडो स्वभाव भएको मानिस" भनेर त्यस्तालाई सबैले ननिको मान्दछन्।

हाम्रो संस्कृति कृतज्ञताको संस्कृति हो। सृष्टिको कुनै पनि प्राणी वा पदार्थ होओस् त्यसले यदि हामीलाई कुनै मद्दत पुऱ्याएको छ भने हामी त्यसलाई सम्मान गर्दछौं। हिन्दू संस्कृतिले हामीलाई सम्पूर्ण सृष्टिप्रति कृतज्ञ बनेर जिउने शिक्षा दिन्छ। परमदयालु ईश्वरले रचेका सृष्टिका सबै प्राणी र पदार्थहरूले हामीलाई केही न केही उपकार गरिरहेकै हुन्छन्। त्यसैले हामी पनि तिनको समयसमयमा सम्मान गर्दछौं।

पृथ्वीले हामीलाई आश्रय दिन्छिन्। हामीले लगाएका बोटबिरुवा, बालीनाली हुर्काएर हामीलाई सागपात, अन्न, आदि जुटाइदिन्छिन्। त्यसैले हामी उनलाई पृथ्वी माता भनेर पूजा गर्दछौं। सूर्यले हामीलाई प्रकाश दिन्छन्, जीवनशक्ति दिन्छन्, त्यसैले हामी उनलाई "सूर्यनारायण" भनेर पूजा गर्दछौं। चन्द्रमाले हामीलाई पोषणशक्ति दिन्छन्। हामीले लगाएका वृक्ष, वनस्पतिहरूलाई पोषण दिन्छन्। रातको बेलामा जून छरेर संम्पूर्ण ओइलाएको सृष्टिमा नयाँ जीवन भर्दछन्। त्यसैले उनलाई "चन्द्रदेवता" भनेर हामी पूजा गर्दछौं। हामीलाई आमाको जस्तै मीठो पोषिलो दूध दिने हुनाले हामी गाईलाई "गौमाता" भनेर पूजा गर्दछौं। अरू त के कुरा हाम्रो घरको ढोकामा बसेर हाम्रो निमित्त रातदिन पहरा दिने कुकुरलाई र बोलीद्वारा शुभ र अशुभ सकुन बताउने काग्लाई समेत हामी वर्षमा एक पटक पूजा गर्दछौं। सर्पमा वातावरणको विषालुपनलाई आफूमा ग्रहण गरी वातावरणलाई स्वच्छ बनाउने शक्ति हुन्छ। आफ्नो श्वास-प्रश्वासद्वारा विषालु हावालाई शान्त गरिदिने सर्पलाई हामी नागदेवता

भनेर प्रतिवर्ष पूजा गर्दछौं । वृक्ष, वनस्पतिले हामीलाई अक्सिजन दिन्छन् । पहिरो र बाढी जस्ता विपत्तिबाट बचाएर ठूलो सहयोग गर्दछन् । त्यसैले वृक्ष, वनस्पतिलाई समेत पूजा र स्याहार संभार गर्ने शिक्षा हाम्रो संस्कृतिले दिएकोछ । यी सबै कुराहरू अरूको उपकारको कदर गर्दै हामीले उनीहरू-प्रति जनाएको कृतज्ञता हो ।

"अरूले सय हातले दिएको छ भने तिमी हजार हातले देऊ" भन्ने कुरा वेदमा लेखिएको छ। हामीले जीवनमा धेरैबाट सहयोग पाएका हुन्छौं । तिनीहरूप्रति हामीले सँधै कृतज्ञ बन्नुपर्छ । अरूले आफूप्रति सानोभन्दा सानो उपकार गरेको रहेछ भने पनि हामीले त्यसको कदर गर्नुपर्दछ । आफूप्रति उपकार गर्नेलाई उपकारको मात्रा हेरेर धन्यवाद, कृतज्ञता, आभार अवश्य जनाउनुपर्दछ । कृतज्ञताको भावना जति मात्रामा हुन्छ, त्यति नै मात्रामा हामी अरूका प्रिय हुन्छौं । जति अरूका प्रिय हुन्छौं, त्यति हामी-लाई सबैतिरबाट मद्दत प्राप्त हुन्छ ।

शब्दार्थ

आदान-प्रदान – लिनु-दिनु
जीवनशक्ति – प्राण धारण गर्ने शक्ति
पोषणशक्ति – पुष्ट हुने शक्ति
जीवन यापन – जीवन बिताउनु

अभ्यास

१. उत्तर लेख

(क) कृतज्ञता केलाई भन्दछन् ?

(ख) कृतघ्नलाई मानिसले के भनेर ननिको मान्दछन् ?

(ग) पृथ्वीले हामीलाई के दिन्छिन् ?

(घ) सर्पलाई हामी किन पूजा गर्छौं ?

(ङ) वेदमा के लेखिएको छ ?

(च) कृतज्ञता कसरी जनाइन्छ ?

(छ) कुकुर, काग र चन्द्रमालाई हामी किन पूजा गर्छौं, कारण खुलाई लेख ।

२. ठीक वाक्यमा √ चिन्ह लगाऊ

(क) कृतज्ञताको ठीक उल्टो कृतघ्नता हुन्छ ।

(ख) कृतघ्नता भएको मानिस सबैलाई मनपर्छ ।

(ग) सूर्यले हामीलाई प्रकाश दिन्छन् ।

(घ) वनस्पतिले हामीलाई प्रकाश दिन्छन् ।

(ङ) हामीले जीवनमा धेरैबाट सहयोग पाएका हुन्छौं ।

३. वाक्यमा प्रयोग गर

कृतज्ञता, कृतघ्नता, परमदयालु, ओइलाएको, उपकार ।

राष्ट्रप्रति वफादारी

पाठ एक

राष्ट्रिय गान तथा चिन्हको सम्मान

राष्ट्रिय गान

श्रीमान् गम्भीर नेपाली प्रचण्ड प्रतापी भूपति
श्री ५ सरकार महाराजाधिराजको सदा रहोस् उन्नति
राखून् चिरायु ईशले प्रजा फैलियोस्
पुकारौं जय प्रेमले हाम्री नेपाली साराले

कुनै देश अथवा व्यक्तिप्रति विश्वासिलो बनी सधैं उसको हित हुने काममा लागिरहनुलाई वफादारी भन्दछन् । यसरी वफादारी कुनै व्यक्ति अथवा राष्ट्र दुवैप्रति हुनसक्दछ ।

ईमानदार रही राष्ट्रको मान, प्रतिष्ठा, इज्जत बढ्ने काममा लागिपर्नु राष्ट्रप्रति वफादारी हो । राष्ट्रप्रति वफादारी साह्रै ठूलो गुण हो ।

हामीले राष्ट्रिय वफादारीको गुणलाई आफूमा विकसित गर्नुपर्दछ । नेपाल राष्ट्र हामी सबैको लागि गौरवको आधार हो । नेपाल राष्ट्र छ र नै हामी नेपालीहरूले संसारमा शिर ठाडो पारेर बाँच्ने अवसर पाएका छौं। नेपाल राष्ट्रसित नेपाली मात्रको इज्जत र सम्मान गाँस्सिएको छ । हामीले नेपालबाटै मेरो देश भनेर गर्व गर्ने मौका पाएका छौं । विश्वको जुन कुनामा पुगे पनि स्वतन्त्र राष्ट्रका नागरिकको नाताले नेपालीलाई इज्जत प्राप्त भएको छ । नेपाल राष्ट्र रहेसम्म यो इज्जत प्राप्त भै नै रहने छ ।

यसरी हामी नेपालीको शिर ठाडो पार्ने नेपाल राष्ट्रको इज्जत र मानसम्मानको निम्ति हामीले सधैं ध्यान दिनुपर्दछ । हामी राष्ट्रको जति सम्मान गर्दछौं, राष्ट्र त्यति गौरवशाली बन्दछ । नेपाल राष्ट्रको गौरव जति बढ्दछ, त्यति नै नेपालीको गौरव बढ्दछ । राष्ट्रभक्त नागरिकहरू नै राष्ट्रका सबैभन्दा ठूला सम्पत्ति हुन् । नागरिकहरूबाट मिल्ने श्रद्धा, सम्मान र सेवाबाटै राष्ट्र बलियो हुन्छ ।

श्रीपेंच, राजदण्ड, श्री ५ महाराजाधिराजको झन्डा, श्री ५ महाराजाधिराजको शाही चिन्ह राष्ट्रिय झन्डा, राष्ट्रिय गान यी हाम्रो राष्ट्रको गौरव बढाउने विशेष चिन्ह हुन् । यी हाम्रो राष्ट्रका प्रतीक हुन् र यिनको सम्मानमा हामीले सधैं ध्यान दिनुपर्दछ । हामीले राष्ट्रिय गानको सधैं सम्मान गर्नुपर्दछ । राष्ट्रिय गान हुन लागेका बेलामा श्रद्धापूर्वक उठेर त्यसको इज्जत गर्नुपर्दछ । राष्ट्रिय गान भइरहेका बेलामा बस्नुहुँदैन । सजग भै उठेर त्यसमा भाग लिनुपर्दछ । राष्ट्रिय गान जस्तै राष्ट्रिय झन्डालाई हामीले आदर गर्नुपर्दछ । राष्ट्रिय झन्डा हामी सबै नेपाली जातिको एकताको प्रतीक हो । यो हाम्रो गौरदको प्रतीक हो । राष्ट्रिय झन्डाको सम्मान नेपाल र नेपालीको सम्मान हो । राष्ट्रिय झन्डाको अवहेलना गर्नु नेपाल र नेपालीको अवहेलना गर्नु जस्तै हो । त्यसैले हामीले यसलाई सधैं

सम्मान र श्रद्धासाथ सुरक्षित राख्नुपर्दछ। जतातत फाल्नुहुँदैन। रंगमा सिम्रिक, फूलमा लालीगुराँस, पशुमा गाई, पक्षीमा डाँफे, यी सबै हाम्रा राष्ट्रिय चिन्ह हुन्। यिनलाई हामीले सधैं रक्षा गर्नुपर्दछ। राष्ट्रिय चिन्हहरूको रक्षा र सम्मान गर्नाले राष्ट्रको सम्मान हुन्छ।

कुनै पनि राष्ट्रभक्तले आफ्ना देशका राष्ट्रिय चिन्हहरूको अपमान भएको हेर्न सक्दैन। हेर्न हुँदैन पनि। राष्ट्रिय चिन्हहरूको अपमानसँग राष्ट्रको अपमान गाँसिएको हुन्छ। त्यसैले यिनीहरूको श्रद्धा र सम्मान बढाउने काममा हामीले सधैं सजग रहनुपर्दछ। जो जति राष्ट्रभक्त हुन्छ, त्यसलाई आफ्नो राष्ट्रको गौरव बढाउने चिन्हहरू त्यति नै प्यारा हुन्छन्। राष्ट्रिय गान, राष्ट्रिय झन्डा, राष्ट्रिय चिन्हहरू हाम्रा राष्ट्रिय गौरवका वस्तुहरू हुन्। यिनको इज्जत र प्रतिष्ठालाई सधैं बढाउनुपर्दछ।

राष्ट्रप्रति वफादार बन्ने मानिस आफ्नो स्वार्थको निमित्त देशलाई कहिल्यै धोका दिंदैन। राष्ट्रको इज्जतलाई आफ्नो इज्जत ठान्दछ। हामीले सधैं राष्ट्रप्रति वफादार बन्नुपर्छ।

शब्दार्थ

प्रतिष्ठा – आदर
वफादारी – विश्वासिलो व्यवहार
विकसित – बढेका
गौरव – आत्मसम्मान
प्रतीक – विशेष अर्थ बुझाउने चिन्ह
राष्ट्रभक्त – राष्ट्रका सेवक

अभ्यास

१. उत्तर लेख

(क) राष्ट्रप्रति वफादारी भनेको के हो ? बयान गर ।

(ख) नेपाल राष्ट्रसित नेपालीको इज्जत कसरी गाँसिएको छ ? स्पष्ट पारी लेख ।

(ग) राष्ट्रको सबैभन्दा ठूला सम्पत्ति के हुन् र कसरी ?

(घ) राष्ट्रिय झन्डा केको प्रतीक हो ? स्पष्ट पार ।

(ङ) सच्चा राष्ट्रभक्त कस्तालाई भनिन्छ ? लेख ।

(च) हाम्रा राष्ट्रिय चिन्ह के के हुन् ? लेख ।

(छ) हामीले कस्तो बन्नुपर्छ ?

२. वाक्यमा प्रयोग गर

सम्मान, इज्जत, गौरव, सजग, श्रद्धा, प्रतिष्ठा, धोका ।

पाठ दुई

राष्ट्रिय सम्पत्तिको संरक्षण

रमेश साह्रै मिहिनेती विद्यार्थी थियो । आफ्नो पाठ्यपुस्तकमा भएका कुरा कुनै पनि नबुझी नछोड्ने उसको बानी थियो । कक्षामा नबुझिएको कुरा शिक्षक छेउ गएर छुट्टी भएको बेला ऊ सोध्ने गर्दथ्यो । नजानेको कुरा सोध्न ऊ कहिल्यै डर मान्दैनथ्यो । गुरुले देशभक्तिको पाठ पढाउँदा राष्ट्रिय सम्पत्तिको चर्चा गर्नुभएको थियो । रमेशले राम्रोसँग बुझ्न सकेको थिएन । छुट्टी भएको बेला रमेश गुरु भएको ठाउँमा गयो । रमेश आएको देख्नेबित्तिकै गुरु प्रसन्न हुनुभयो । नबुझेको कुरा सोध्ने रमेशको बानीदेखि गुरु ज्यादै खुशी हुनुहुन्थ्यो । गुरु र रमेशका बीचमा यसरी कुराकानी भयो ।

गुरु – रमेश, आयौ ? आऊ बाबु यहाँ बस । भन के सोध्न आयौ ?

रमेश – गुरु ! अगि कक्षामा तपाईंले भन्नुभएको राष्ट्रियताबारे नबुझेको कुरा सोधुँ भनेर आएको ।

गुरु – रमेश ! भन । के बुझेनौ तिमीले ?

रमेश – एउटा कुरा बुझिन गुरु ।

गुरु – के बुझेनौ भन त ?

रमेश – गुरु, अगि कक्षामा तपाईंले राष्ट्रिय सम्पत्तिको रक्षा गर्नुपर्छ भन्नुभएको थियो तर राष्ट्रिय सम्पत्ति भन्नाले के के बुझिन्छ, एक पटक राम्रोसँग भनिदिनुभए हुन्थ्यो ।

गुरु – सुन । राष्ट्रिय सम्पत्तिहरू त धेरै छन् । गनेर सकिंदैनन् । तिमीले बुझ्न सक्ने गरी मुख्यमुख्य चाहिं भनिदिन्छु । ज्ञानको वृद्धि गराउने विद्यालय, पुस्तकालयहरू, हाम्रो धर्म र संस्कृतिलाई जीवित राख्ने मन्दिरहरू, देशको शोभा र समृद्धि बढाउने बगैंचाहरू यी सबै अनमोल राष्ट्रिय सम्पत्ति हुन् । यस्तै राष्ट्रको प्रशासन चलाउन, विकासको काम गर्न, कला, संस्कृति, उद्योगधन्दाहरू र कक्षा चलाउन बनाइएका भवनहरू, सार्वजनिक धारा, कुवा, पोखरी, ताल, बोटबिरुवा, बाटोघाटो, यी पनि सबै राष्ट्रिय सम्पत्ति हुन् । त्यस्ता भवनहरूलाई फोहोर गर्ने, जथाभावी लेख्ने, तोडफोड गर्ने आदि काम गर्नुहुँदैन । बगैंचाका बोटबिरुवा तोड्ने, उखेल्ने, फलफूल टिप्ने, गर्नुहुँदैन । धारा, कुवा, पोखरी, ताल, बाटोघाटो यी सबैलाई भत्काउनु, फोहोर पार्नुहुँदैन । यिनीहरूको जगेर्ना नगरी राष्ट्रियता रहँदैन । यिनीहरूको हामीले सधैं सुरक्षा गर्नुपर्दछ । बुझ्यौ रमेश अब त ?

रमेश – बुझें गुरु । अहिलेसम्म बुझ्न नपाएका कुरा पनि अहिले बुझें । अर्को कक्षा शुरू हुने बेला भयो । अहिले जान्छु ।

गुरु – जाऊ रमेश । नबुझेका कुरा यसै गरी सोध्ने गर्नु ।

रमेश – हवस् (जान्छ)

शब्दार्थ

प्रसन्न – खुशी भएको
वृद्धि – बढ्ने काम
समृद्धि – धेरै सम्पत्ति
अनमोल – मूल्य आँक्न नसकिने

अभ्यास

१. उत्तर लेख

(क) रमेशको कस्तो बानीले गुरु खुशी हुनुहुन्थ्यो ? लेख ।
(ख) राष्ट्रिय सम्पत्ति भनेको के हो ?
(ग) रमेशले गुरुको भनाइबाट के बुझ्यो ?
(घ) गुरुले अन्त्यमा के भन्नुभयो ?
(ङ) राष्ट्रिय सम्पत्ति के के हुन् र तिनको जगेर्ना कसरी गर्नुपर्छ भन्नेबारे छोटकरीमा लेख ।

२. वाक्यमा प्रयोग गर

देशभक्ति, राष्ट्रियता, अनमोल, जगेर्ना ।

भाग पाँच

हाम्रो संस्कृति

पाठ एक

मान्यजनप्रतिको कर्तव्य

बाबु-आमाले हामीलाई जन्म दिएर पालनपोषण गर्दछन् । गुरुबाट हामीलाई विद्या प्राप्त हुन्छ । मान्यजनहरूबाट हामीलाई असल अर्ती उपदेश र शुभाशीर्वाद प्राप्त हुन्छ। हामी चिन्तामा परेका बेला सान्त्वना दिएर मान्यजनले हामीलाई असल शिक्षा दिन्छन् । यसरी हाम्रो जीवन बनाउनमा मान्यजनहरूको ठूलो सहयोग रहन्छ । हामीले पनि मान्यजनहरूप्रति नम्रताको व्यवहार गर्नुपर्दछ ।

आफूले मान्नुपर्ने मानिसलाई मान्यजन भन्दछन् । बाबु-आमा र नातागोताका आफन्तहरूबाहेक पढाउने शिक्षकहरू, समाजका बूढापाकाहरू, प्रतिष्ठित गण्यमान्य व्यक्तिहरू र देश विदेशबाट आएका पाहुनाहरू यी सबै हाम्रा मान्यजन हुन् । मान्यजनहरूप्रति जति असल व्यवहार गर्न सक्यो, आफू त्यति असल मानिस बन्न सकिन्छ ।

"मातृदेवो भव, पितृदेवो भव, आचार्यदेवो भव, अतिथिदेवो भव" भनेर वेदमा शिक्षा दिइएको छ । यसको अर्थ हो– आमालाई देवता समान मान, बाबुलाई देवता समान मान, गुरुलाई देवता समान मान, पाहुनालाई देवता समान मान, हामीले आमा–बाबु, गुरु र अतिथिलाई देवता-समान मानेर श्रद्धापूर्वक सेवा गर्नुपर्दछ ।

मान्यजनहरू र बूढापाकाहरूप्रति आदर गर्नाले र नम्रतापूर्वक उनीहरूको सेवा गर्नाले हाम्रा चार कुरा बढ्छन्– आयु, विद्या, यश र बल । मान्यजनहरूका सामू हामीले विनम्र बन्नुपर्दछ । आफू बसिरहेको बेला

मान्यजन आइपुगे भने उठेर नमस्कार गर्नुपर्दछ। बस्ने ठाउँ दिनुपर्दछ। मान्यजन ठाउँ नपाएर उभिइरहेको आफू चाहिँ ढसमस्स बसिरहेको सुहाउँदैन। त्यस्तो व्यवहारलाई अशिष्ट व्यवहार भनिन्छ। मान्यजनहरू-प्रति बोल्दा मधुर बोलीले बोल्नुपर्छ। मनमा बिझ्ने खालको रूखो बोली बोल्नहुँदैन। आवश्यक परेको बेला मान्यजनहरूलाई हामीले विशेष सहयोग गर्नुपर्दछ। मान्यजनहरूप्रति असल व्यवहार गर्न जानेमा हाम्रो गुण, कीर्ति बढ्दछ।

मान्यजनहरूप्रति विनम्रताको व्यवहार गर्ने मानिसलाई विनयी भनिन्छ। विनयी मानिसलाई सबैले रुचाउँछन्। विनयले नै मानिसलाई सफल बनाउँछ। मान्यजनहरूका सामु हामीले सधैं विनयी बन्नुपर्दछ।

शब्दार्थ

सान्त्वना – कसैलाई संझाउन भनिने कुरा
अशिष्ट – शिष्टता नभएको
अतिथि – पाहुना
मान्यजन – मान्नुपर्ने मानिस

अभ्यास

१. उत्तर लेख

(क) मान्यजनबाट हामीलाई के प्राप्त हुन्छ ? खुलाई लेख।
(ख) को को हाम्रा मान्यजन हुन् ? स्पष्ट पार।
(ग) मान्यजनहरूको विनम्रतापूर्वक सेवा गर्दा बढ्ने चार कुरा के के हुन् ? लेख।

(घ) हामीले शिष्टताको पालना कसरी गर्नुपर्छ ? लेख ।

(ङ) मान्यजनहरूसँग कसरी बोल्नुपर्छ ?

(च) कस्तो मानिसलाई विनयी भनिन्छ ?

२. वेदमा दिइएको शिक्षा र त्यसको अर्थ खुलाएर आफ्नै शब्दमा १० वाक्य लेख ।

३. खाली ठाउँ भर

(क) वाबु-आमाले . . . . . दिएर . . . . . गर्छन् ।

(ख) मान्यजनहरूप्रति जति . . . . . गर्न सक्यो उति . . . . . बन्न सकिन्छ ।

(ग) मान्यजनहरूका . . . . . हामीले . . . . . बन्नुपर्दछ ।

(घ) विनयले नै. . . . . लाई . . . . . .बनाउँछ ।

(ङ) मान्यजनहरूप्रति . . . . . बनेर हामीले सधैं . . . . . पर्दछ ।

पाठ दुई

गणेशजीको प्रथम पूजा

एक पटक देवताहरूमा ठूलो खेलाबेला परचो। पूजा, यज्ञ, व्रत गर्दा पहिले कुन देवताको पूजा गर्ने ? भन्ने प्रश्न उनीहरूमा उठ्यो। पहिले आफ्नो पूजा होस् भन्ने सबै चाहन्थे । कुराको टुंगो लागेन। कुनै कुरामा आपसमा टुंगो नलाग्दा बूढापाकाकहाँ सोध्न जाने चलन उहिले पनि थियो। त्यसैले सबै देवताले ब्रह्माजी छेउ सोध्न जाने निधो गरे।

बूढाबाबा ब्रह्माजीसँग सोद्धा उनले बताए– " जो यस पृथ्वीको परिक्रमा गरेर सबैभन्दा पहिले मकहाँ आइपुग्दछ, त्यसैको पूजा पहिले हुन्छ।"

यो सुन्नासाथ सबै देवता पृथ्वीको परिक्रमा गर्न तम्सिए। कोही हात्तीमा, कोही घोडामा, कोही रथमा र थरीथरीका पशु र पक्षीहरूमा चढेर पृथ्वीको परिक्रमा गर्न हिंडे। अरू सबैका एक से एक सवारी थिए।

यता विचरा गणेशजीलाई पर्नु पीर परचो। एक त उनको जीउ नै मोटो, त्यसमाथि हिंड्दाखेरि घस्रिने अजङ्को सूँड। थामिनसक्नु भुँडी। नामै लम्बोदर। वाहनचाहिँ मुसो। त्यत्रो जिउले मूसोमा चढेर कसरी पृथ्वीको परिक्रमा गर्नु? गणेशजीले लामो सास फेर्दै मनमनै भने–"लौन नि! अब कसो गर्ने?"

अरू सबै पृथ्वीको परिक्रमा गर्न हिंडे। गणेशजीलाई एउटा जुक्ति फुरचो। उनी मुसोमाथि फुर्लुङ्ग उफ्रेर चढे। अनि कैलासतिर लागे। स्वाँ स्वाँ र फ्वाँ फ्वाँ गर्दै आमा पार्वती भएको ठाउँमा पुगेर भन्न लागे–"आमा आमा! एकैछिन बुबा भएको ठाउँमा गएर बसिदिनोस्न।" यसरी गणेशजीलाई एक्कासि अत्तालिँदै आएको देख्दा पार्वतीलाई अचम्म पनि लाग्यो र हाँसो पनि उठ्यो। उनले सोधिन्– "लम्बोदर! आज यो के को खट्पट् हो? यसरी कहिल्यै अत्तालिएको देखिदैंनथ्यौ। आज के भयो?"

गणेशजीले भने–"आमा! एकैछिन गई दिनोस्न। बुबा त ध्यानमा बस्नुभएको छ। अहिले उठ्नुहुन्न। लौ न आमा। एकैछिन गइदिनोस्न बिन्ति।"

छोराले ढिपी गरेपछि आमाले मान्नै परचो! ध्यान लगाएर बसिरहेका भगवान् शंकरको बायाँपट्टि गएर पार्वती बसिदिइन्। गणेशजीको पालो पहिले आफ्नो ठूलो शरीर जमीनमा तेर्स्याएर दण्डवत् गरे। अनि फेरि उसै गरी फुर्लुङ्ग मुसोमाथि चढेर सात पटक आमा पार्वती र बाबु शंकरको प्रदक्षिणा गरे। एक पटक फेरि बाबु र आमालाई दण्डवत् गरी ब्रम्हलोकतिर हिंडे। पार्वती जिल्ल परेर हेरेकी हेर्चै भइन्। ब्रह्मलोक पुग्दा सबैभन्दा अगि उनै

भए। अरू देवता पृथ्वीको परिक्रमा गरेर फर्किंदा त गणेशजी अगि नै पुगिवरी बसिरहेका।

देवताहरूले संझे "गणेशजी त जाँदै गएनछन्।" देवताहरूले को अगाडि परचो र कसको पूजा पहिले हुन्छ" भनी सोद्धा बूढाबाबा ब्रह्माजीलेचाहिं गणेशजीकै पूजा पहिले हुने कुरा बताइदिए। देवताहरू त सात छक्क परे।

एक जना देवताले सोधी पनि हाले–"होइन तपाईंले त पृथ्वीको परिक्रमा गरेर पहिले आइपुग्नेको पो पहिले पूजा हुने कुरा भन्नुभएको थियो त।"

ब्रह्माजीले जवाफ दिए–" देवता हो! तिमीहरूले कुरै बुझेका रहेन छौ। गणेशजीले पृथ्वीको मात्र होइन् पूरै ब्रह्माण्डको परिक्रमा गरिसकेका छन्। त्यो पनि एक पटक होइन, सात पटक। त्यति गरीकन उनी सबैभन्दा चाँडो आइपुगे।

सबै देवताहरू एक अर्काप्रति मुखामुख गर्न थाले। सबैलाई अचम्म लागिरहेको थियो।

एक जना देवताले भने– "यो हुन सक्तैन, यो त अन्याय भयो।"

ब्रह्माजीले भने– "अन्याय एकदमै भएको छैन। पूरा न्याय भएको छ। किनभने आमा पृथ्वी हुन् र बाबु नारायण हुन्। नारायणको शरीरमा सारा ब्रह्माण्ड अडेको छ। गणेशजीले बाबु-आमाको परिक्रमा गरेर आएका छन्। त्यसैले उनले पृथ्वीसहित सारा ब्रह्माण्डकै परिक्रमा गरिसकेका छन्।"

देवताहरूले भन्ने ठाउँ नै पाएनन्। गणेशजीको जुक्ति, बुद्धि देखेर सबै चुप भए। आखिर गणेशजीलाई सबैले मान्नै परचो। देवताहरू गणेशजीसहित ब्रह्माजीलाई प्रणाम गरेर आ-आपनो ठाउँमा गए। आमा-बाबुप्रतिको भक्तिको प्रभावले गणेशजीलाई पहिलो पूजा प्राप्त भयो। त्यसैले जुनसुकै पूजा गर्दा पनि सबैभन्दा पहिले गणेशजीको पूजा गर्ने चलन छ।

जो आमा-बाबुप्रति भक्ति राख्दछन्, उनीहरूको सेवा गर्दछन् समाजमा तिनीहरूकै बढी सम्मान हुन्छ। आमा-बाबु र गुरुजनप्रति विनम्र भएर व्यवहार गर्ने मानिसलाई असल चरित्र भएको मानिस भन्दछन्। असल चरित्रले नै मानिस समाजमा सम्मानको पात्र हुन्छ।

शब्दार्थ

परिक्रमा – श्रद्धाले वरिपरि घुम्नु
लम्बोदर – लामो भुँडी भएको
ब्रह्मलोक – ब्रह्माजीको लोक
गुरुजन – बाबु-आमा, गुरु र अरू पूज्य मानिस

अभ्यास

१. उत्तर लेख

(क) देवताहरूमा कस्तो प्रश्न उठ्यो ?
(ख) ब्रह्माजीले कसको पूजा पहिले हुन्छ भने ?
(ग) गणेशजीलाई किन पीर परयो ?
(घ) गणेशजीले कसको परिक्रमा गरे, किन ?
(ङ) आमा-बाबुको परिक्रमा गर्दा ब्रह्माण्डको परिक्रमा गरेको कसरी ठहरियो ?
(च) गणेशजीलाई किन सबभन्दा पहिले पूजा गर्ने चलन भएको हो ?
(छ) कस्ता व्यक्तिको सम्मान हुन्छ ?

२. वाक्यमा प्रयोग गर

गुरुजन, ब्रह्मलोक, दण्डवत्, वाहन ।

३. खाली ठाउँ भर

(क) विचरा . . . . . लाई पर्नु . . . . . परयो ।

(ख) सबै . . . . . एक से एक . . . . . थिए ।

(ग) छोराले . . . . . गरेपछि . . . . . मान्नै परयो ।

(घ) त्यति गरीकन . . . . . सबैभन्दा . . . . . आइपुगे ।

(ङ) . . . . . ले मानिस समाजमा . . . . . पात्र हुन्छ ।

पाठ तीन

विघ्नहर्ता गणेश

गणेशजीलाई किन सबैभन्दा पहिले पूजा गरिंदो रहेछ भन्ने कुरा तिमीहरूले अगिल्लो पाठमा पढिसक्यौ । अब गणेशजीका केही मुख्यमुख्य कुराहरू बुझ । गणेशजीलाई " विघ्नहर्ता " भनिन्छ । कुनै पनि काममा आइपर्ने बाधालाई विघ्न भन्दछन् । हर्ता भन्नाले त्यस्ता बाधा हटाउने भन्ने बुझिन्छ । त्यस्तो बाधा हटाउने हुनाले गणेशजीलाई विघ्नहर्ता भनिएको हो । कुनै मंगल कार्यको थालनी गर्दा बीचमा विघ्न नपरोस् भनेर गणेशजीको पूजा पहिले गरिन्छ । गणेशको रूपबारे विचार गर्दा उनको हात्तीको शिरलाई नै विचार गरौं ।

हात्तीको मर्मस्थान शिरमा हुन्छ । त्यसैले माहुतेले सानो अंकुशले छोइमात्र दिंदा पनि हात्ती कराउन थाल्दछ । शिरमा रहेको त्यही मर्मस्थलमा अंकुशले घोचेर माहुतेले हात्तीलाई बसमा राख्दछ । हात्तीको शिर धारण गरेर गणेशले हामीलाई त्यही बताइरहेका छन्– "मनुष्य ! तिमी पनि विघ्नलाई पन्छाउन चाहन्छौ भने आफ्नो मस्तिष्कलाई सबैभन्दा महत्त्वपूर्ण संझेर त्यसलाई सुरक्षित राख ।"

वास्तवमा मानिसको सबैभन्दा महत्त्वपूर्ण अङ्ग मस्तिष्क नै हो। मस्तिष्कले गर्दा नै मानिस पशुभन्दा ठूलो भएको हो। मस्तिष्कबाट प्रकट हुने बुद्धि र विवेकले नै मनुष्यलाई यति अगाडि बढाएको हो । मान्छे बाँचेर मात्र हुँदैन, मस्तिष्कलाई बिग्रिन नदिई बाँच्नुपर्दछ। मस्तिष्क बिग्रिएको पागल मानिस पशुभन्दा पनि गएगुज्रेको हुन्छ। त्यसैले साँच्चिकै मानिस बनेर बाँच्नु छ भने मस्तिष्कलाई बचाएर बुद्धि र विवेकसाथ बाँच्नपर्दछ। हात्तीको टाउको धारण गरेर गणेशजीले हामीलाई यही रहस्य बताइरहेका छन् ।

गणेशजीका तीन वटा आँखा छन् । तो पनि कम रहस्यपूर्ण छैनन् । दुइटा आँखाले मात्र हामी पूरा ज्ञान प्राप्त गर्न सक्तैनौं । ज्ञानको तेस्रो आँखा पनि नभई हुँदैन । यो साधारण दुइटा आँखाले देख्न नपाउने धेरै कुरा ज्ञानको तेस्रो आँखाले देखिन्छ ।

गणेशजीका आँखा साना छन् । साना आँखा हुने प्राणीले अरूलाई ठूलो देख्तछ । हात्तीका आँखा ज्यादै साना हुन्छन् । त्यसैले मानिस सामु पुग्दा हात्तीले उसलाई ठूलो प्राणी आइपुगेको ठान्दछ। अनि मानिसको वसमा पर्न बाध्य हुन्छ। हात्तीले अरूलाई ठूलो देखेझैं विघ्नबाट बच्न चाहनेले पनि अरूलाई ठूलो मान्न जान्नुपर्दछ। अरूलाई सम्मान दिन सिक्नुपर्दछ। आफैं मात्र ठूलो हुँ भन्ने मानिस जीवनमा सफल हुनसक्तैन। सानासाना आँखाद्वारा गणेशजीले आपना भक्तहरूलाई यो रहस्य बताइरहेका छन् ।

गणेशजीको भुँडी ठूलो छ। त्यसैले उनको नामै लम्बोदर रहेको छ। ठूलो भुँडीले कुरा पचाउनसक्ने शक्तिलाई बताउँछ। कोही कोही मानिसका पेटमा कुरा अड्दैनन्। प्याच्च प्याच्च बोलिहिंड्छन् । सफल बन्न चाहने मानिसले त्यसो गर्नुहुँदैन । पेटमा कुरा नअटाउने मानिसलाई सबैले कुरौटे भन्दछन् । सुनेका कुरा सबै पेटमा राख्नसक्ने भयो भने मानिस विघ्नबाट बच्नसक्तछ । गणेशजीले ठूलो भुँडीद्वारा यही कुरा बताइरहेका छन् ।

गणेशजी मुसो माथि चढेको मूर्ति अथवा तस्वीर नानीहरूले देखेकै होऔला । मूसोले अलिकति पनि दया नराखी अरूको जतिसुकै मूल्यवान् वस्तु भए पनि कुटुकुटु काटेर नाश गरिदिन्छ । त्यस्तो अरूको हानिनोक्सानी गर्ने बानीलाई दबाउनुपर्दछ भन्ने कुरा मुसो माथि चढेर गणेशजीले बताइरहेका छन् । विघ्नबाट बच्न चाहने मानिसले अरूको हानिनोक्सानीबाट बच्नुपर्दछ । त्यस्तो खराब बानीलाई छोड्नुपर्दछ । मुसो माथि चढेर गणेशजीले हामीलाई यो कुरा पनि बताइरहन्छन् ।

यसरी गणेशजीको रूपको ध्यान मात्र गरयौं भने पनि हामी धेरैधेरै असल कुराहरू सिक्न सक्छौं ।

हाम्रो देशमा ठाउँठाउँमा गणेशजीका मन्दिरहरू छन् । काठमाडौं उपत्यकाका गणेशहरूमा भक्तपुरका सूर्यविनायक,काठमाडौंका अशोकविनायक, चाबहिलका चन्द्रविनायक, रानीपोखरीका अट्ठार हाते गणेश, चोभारका जलविनायक, बुङमतीका कार्यविनायक आदि विशेष प्रसिद्ध छन् । वैदिक धर्मावलम्बीहरूले जस्तै बौद्ध, जैन र सिक्ख धर्मावलम्बीहरूले पनि गणेशजी-लाई मान्दछन् । सम्पूर्ण हिन्दू समाजमा विघ्नहर्ता गणेशजीको पूजा हुन्छ ।

हामीले आफ्नो कार्यको सफलताको निमित्त सधैं विघ्नहर्ताको पूजा गर्नुपर्दछ ।

शब्दार्थ

मर्मस्थान – चोट पर्दा मरिने ठाउँ
मस्तिष्क – मगज
विघ्नहर्ता – विघ्नलाई हटाउने
विवेक – असल र खराब छुट्ट्याउने शक्ति
रहस्य – भित्री कुरा

अभ्यास

१. उत्तर लेख

(क) गणेशजीले हात्तीको शिर धारण गर्नाको कारण के हो ?

(ख) हात्ती मानिसको वसमा कसरी पर्छ ?

(ग) गणेशजीको भुँडी ठूलो हुनाको तात्पर्य के हो ?

(घ) गणेशजीले मुसो माथि चढेर के वताइरहेका छन् ?

(ङ) विघ्नबाट बच्न मानिसले केबाट बच्नुपर्दछ ?

(च) कुनकुन धर्म मान्नेहरूले गणेशजीलाई मान्दछन् ?

(छ) गणेशजीका तीन आँखाले के बताउँछन् ?

२. वाक्यमा प्रयोग गर

रहस्य, विवेक, मर्मस्थान, विघ्नहर्ता ।

पाठ चार

भगवती सरस्वती

भगवती सरस्वती ज्ञानकी देवी हुन् । ज्ञान पाउन हामीले उनकै आराधना गर्नुपर्दछ । प्रत्येक वर्ष बडा दशैंमा महाकाली, महालक्ष्मीका साथै महासरस्वतीको पूजा गरिन्छ । महाकाली कर्मकी, महालक्ष्मी स्नेह, दया, करुणा, भक्ति आदि भावनाकी र महासरस्वती ज्ञानकी देवी हुन् । सरस्वतीको वरदान नपाई कोही पनि विद्या आर्जन गर्न सक्तैन ।

सरस्वतीको स्वरूप सधैं ध्यान गर्न लायक छ । उनको स्वरूपको ध्यान गरयौं भने धेरै असलअसल प्रेरणाहरू प्राप्त गर्न सक्तछौं ।

सरस्वतीको वर्ण सेतो छ । सेतो वर्ण निर्मलताको प्रतीक हो । जो व्यवहारमा, बोलीवचनमा, मनमा निर्मल हुन्छन्, विद्या तिनैलाई प्राप्त हुन्छ । मनले अरूको कुभलो चिताउने, बोलीले अरूको चित्त दुखाउने, व्यवहारले अरूको हानिनोक्सानी गर्ने मानिसले विद्या पाउन सक्दैन । सरस्वतीको सेतो वर्णले हामीलाई यही सिकाउँछ । सरस्वतीले दुई हातमा वीणा लिएकी छिन् । वीणा अति मीठो ध्वनि भएको मधुर बाजा हो । वीणामा मानिसको मात्र होइन, पशुपक्षीसम्मको चित्तलाई आकर्षित तुल्याउने शक्ति छ । विद्या आर्जन गर्न चाहने मानिसले पनि आफूमा असलअसल गुणको विकास गरेर सबैलाई आफूतिर आकर्षित गर्न सक्नुपर्दछ । वीणाले यही कुरा सिकाउँछ ।

सरस्वतीले बायाँ हातमा पुस्तक धारण गरेकी छन् । पुस्तक ज्ञानको प्रतीक हो । जीवनको सार ज्ञान हो । हामीले ज्ञानकै निमित्त लागिपर्नुपर्दछ । ज्ञान प्राप्त भयो भने मानिसलाई जीवनमा सफलता मिल्दछ । यही कुरा सरस्वतीका हातको पुस्तकले बताउँछ । दाहिने हातमा सरस्वतीले माला लिएकी छन् । माला गन्ती गर्ने काममा प्रयोग गरिन्छ । हामीले सधैं आफूले कति असल काम गर्न सक्यौं भनेर गन्ती गर्दै रहनुपर्दछ । म कति वर्षको भएँ, यति उमेर बितिसक्दा मैले समाजका हित हुने कति राम्रा-राम्रा काम गरें, मैले गरेका असल कामहरू थोरै छन् कि धेरै छन्, हेर्दै गर्नुपर्दछ । असलअसल कामको लेखाजोखा गरिरहनुपर्दछ । मालाले हामीलाई यही कुरा बताउँछ ।

सरस्वतीको वाहन हाँस हो । हाँसलाई सरस्वती औधी मनपराउँछिन् । पानी र दूध मिसाएर दियो भने हाँसले पानीलाई छाडी दूध खाने गर्दछ भन्ने भनाइ छ । त्यस्तै जो मानिस खराबलाई छोडेर असललाई

लिन जान्दछ, सरस्वतीले त्यसैलाई रुचाउँछिन् । साँचो विद्या त्यसैलाई प्राप्त हुन्छ । सरस्वतीको वाहन हाँसले यही कुरा बताउँछ ।

सरस्वती कमलमाथि बसेकी छिन् । कमल पानीमा पैदा हुन्छ र पनि पानीले उसका पातलाई भिजाउन सक्तैन । हामी पनि संसारमा जन्मिन्छौं । संसारमा नानाथरी दोषहरू हुन्छन् । ती दोषहरूबाट हामीले अलग हुनुपर्दछ । अर्को कुरा कमल फक्रेपछि भँवराहरू आफैं कमलको सुगन्धिमा लट्टिएर उसमा झ्याम्मिन्छन् । त्यसै गरी हामीले गुणहरूको विकास गरेर अरूलाई आफूतिर आकर्षित गर्न सक्नुपर्दछ । सरस्वतीको आसनमा रहेको कमलले यही कुरा बताउँछ ।

सरस्वतीको सधैं ध्यान गर्ने मानिसले यी असल कुराहरूको प्रेरणा पाइरहन्छ ।

हाम्रो देशमा सरस्वतीका धेरै मन्दिरहरू छन् । ठाउँठाउँमा प्राचीन मन्दिरहरू पनि पाइन्छन् । प्राचीन मन्दिरहरू नभएका ठाउँहरूमा पनि सरस्वतीका प्रतिमाहरू बनाएर पूजा गर्ने चलन समाजमा चलेको छ । पहाडी क्षेत्रमाजस्तै तराई क्षेत्रमा पनि वसन्तपञ्चमीको दिन वर्षेनी सरस्वतीको पूजा धूमधामसँग मनाइन्छ । सरस्वतीका नयाँनयाँ आकर्षक प्रतिमाहरू बनाइन्छन् । विशेष विधिले पूजा हुन्छ । यसै दिन सरस्वतीको पूजा गरेर केटाकेटीलाई अक्षर चिनाउने चलन हाम्रो समाजमा चलेको छ । गणेशजीको जस्तै सरस्वतीको पनि बौद्ध, जैन, सिक्खसमेत सम्पूर्ण हिन्दूसमाजमा पूजा हुन्छ । बौद्धहरू सरस्वतीलाई मन्जूश्रीको नामले पूजा आराधना गर्दछन् । काठमाडौं उपत्यकाका प्रसिद्ध सरस्वती मन्दिरहरूमा लेलेको सरस्वती मन्दिर, स्वयम्भूको मन्जूश्री मन्दिर, हाँडीगाउँको सरस्वती मन्दिर, गैह्रीधाराको सरस्वती मन्दिर मुख्य मानिन्छन् । हाम्रो संस्कृतिमा

सरस्वतीपूजाको ठूलो महत्त्व छ । हामीले भगवती सरस्वतीको आराधना-द्वारा आफ्नो विद्यालाई बढाउनुपर्दछ ।

शब्दार्थ

ध्वनि = आवाज
मधुर = मीठो
प्राचीन = पुरानो
प्रतिमा = मूर्ति
आकर्षक = राम्रो
बौद्ध = बुद्धलाई मान्ने
जैन = महावीरको मत मान्ने
सिक्ख = गुरुगोविन्द सिंहको मत मान्ने

अभ्यास

१. उत्तर लेख

(क) बडादशैंमा कस–कसको पूजा हुन्छ ?
(ख) महाकाली, महालक्ष्मी र महासरस्वती के केका देवी हुन् ?
(ग) वीणाका विशेषताहरू के के हुन् ? बयान गर ।
(घ) सरस्वतीका हातमा रहेको पुस्तकले के बताउँछ ?
(ङ) सफलता पाउन मानिसले कस्तो बन्नुपर्दछ ?
(च) सरस्वतीले हाँसलाई वाहन बनाउनुको अर्थ के हो ?

(छ) सरस्वतीको आसन कमल हुनाको के तात्पर्य हो ?

(ज) बौद्धहरू सरस्वतीलाई कुन नामले पुकार्छन् ?

(झ) काठमाडौं उपत्यकाका मुख्यमुख्य सरस्वतीका मन्दिरहरू कुनकुन हुन् ?

(ञ) सरस्वतीको हातमा रहेको मालाले बुझाउने तात्पर्यको वारेमा पाँच वाक्य लेख ।

२. **वाक्यमा प्रयोग गर**

ध्वनि, प्रतिमा, जैन, बडादशैं ।

कक्षागत रूपमा कक्षा ५ का विद्यार्थीले गाउने
राष्ट्रिय गीत

यो मेरो देश नेपाल हेर कति छ रमाइलो
यो मेरो देश नेपाल हेर कति छ घमाइलो, नेपाल हेर कति छ घमाइलो
यो मेरो देश

खोला र नाला हरियो वन हिमाल हाँसेको
डाँफे र मुनाल मयूर छ यहाँ हेरत नाचेको
लेक र बेसी तराई पहाड क्या राम्रो मिलेको, क्या राम्रो मिलेको

यो मेरो देश नेपाल हेर कति छ रमाइलो
यो मेरो देश नेपाल हेर कति छ घमाइलो, नेपाल हेर कति छ घमाइलो
यो मेरो देश

कस्तुरी मृग गैंडा र चौरी छ यहाँ खेलेको
चाँप र गुराँस छ सुनाखरी गमक्क फुलेको
यसैमा मेरो देशको मुहार अति छ खुलेको, अति छ खुलेको

यो मेरो देश नेपाल हेर कति छ रमाइलो
यो मेरो देश नेपाल हेर कति छ घमाइलो, नेपाल हेर कति छ घमाइलो
यो मेरो देश

यहाँ छ पाटी देउराली भञ्ज्याङ चौतारी खनेको
बज्दछ मादल गन्केर यहाँ लोकगीत भाकाको
यसैले होला छ देश मेरो स्वर्गको काखमा, स्वर्गको काखमा

यो मेरो देश नेपाल हेर कति छ रमाइलो
यो मेरो देश नेपाल हेर कति छ घमाइलो, नेपाल हेर कति छ घमाइलो
यो मेरो देश